वर्ष : १६, अंक : ३२, काठमाडौं, २०७७ मंसिर १२ गते शुक्रबार, 27 November 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

# प्रदेश २ मा संसदीय दलको नेता चयन गर्न किचलो

## मुख्यमन्त्री राउतले निर्वाचन आयोगको पत्र लुकाएको आरोप



**मधेशवाणी डेस्क**

काठमाडौं । प्रदेश २ मा संसदीय दलको नेता छान्न सत्तारुढ जसपाभित्र किचलो बढेको छ ।समाजवादी पार्टी र राजपा मिलेर बनेको जनता समाजवादी पार्टी नेपाल ( जसपा) मा प्रदेश २ को संसदीय दलको नेता बन्नका लागि आन्तरिक दौडधुप बढको छ भने विवाद पनि सहतमा आउन थालेको छ । राजपा र समाजवादी पार्टीको एकीकरण भएर जसपा बनेपछि संसदीय दलको नेता अझै चयन हुन सकेको छैन । प्रदेश २ मा जसपाकै सरकार छ ।

संसदीय दलका नेता नै प्रदेशको मुख्यमन्त्री बन्ने प्रावधान छ । त्यसैले नयाँ मुख्यमन्त्री बन्न पनि नेताहरुले आआफ्नो दाबेदारी प्रस्तुत गरेका छन् । संसदीय दलका नेता चयन हुन नदिन निर्वाचन आयोगले दिएको पार्टी दर्ताको पत्र समेत सुरुमा प्रदेशसभामा दर्ता नै नगराई मुख्यमन्त्री लालबाबु राउतले लुकाएको आरोप जसपा निकट प्रदेशसभा सदस्यहरुको छ ।

जबकी पार्टी दर्ता भएको सूचना राजपत्रमा २०७७ साउन १२ गते प्रकाशित भएको थियो । त्यस्तै २०७७ साउन ३० मा नै निर्वाचन आयोगले दल दर्ताको विषयको पत्र प्रदेश सभामा पठाएको थियो । तर जसपाका नेताहरुको बीचमै संसदीय दलका नेताका लागि विवाद देखिएको र दुवै पार्टीका सचेतक सुविधा लिँदै आइरहेका छन् । जसले गर्दा सो पत्र नै दर्ता गराउन नेताहरुले आनाकानी गर्दै आइरहेका थिए भने मुख्यमन्त्री लालबाबु राउतले पनि सो पत्र नै दर्ता गराएका थिएनन् । प्रदेश २ मा जसपाको संसदीय दलको नेता चयन गर्न निर्वाचन आयोगले बारम्बार ताकेता गरेको छ । संसदीय दलको नेता नै प्रदेशको मुख्यमन्त्री बन्ने प्रवधानका कारण पार्टीमा संसदीय दलको नेता चयन गर्न कठिनाई भइरहेको जसपाका एक नेताले बताए ।

तर, गत कात्तिक २७ गते प्रदेश सभामा भने पत्र दर्ता गराइएको प्रदेशसभा सचिवालयका निमित्त सचिव रञ्जित यादवले जानकारी दिए । यद्यपी अहिलेसम्म संसदीय दलको नेताको चयनका लागि कुनै प्रक्रिया भने गरिएको छैन ।

संसदीय दलको नेता चयन गर्नका लागि समस्या भएपछि जसपाका केन्द्रीय अध्यक्ष उपेन्द्र यादव जनकपुरधाममा आएर बैठक बसाएका थिए । बैठकले विधान मस्यौदा समिति गठन गरेको थियो । समितिमा मनिष सुमन, उपेन्द्र महतो, रानि शर्मा तिवारी, रामअशिष यादवलाई संसदीय दलको विधान बनाउन समिति गठन गरिएको थियो ।

समितिले गत कार्तिक १८ गते नै विधानको मस्यौदा अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादवलाई बुझाई सकिएको छ । यद्यपि अहिलेसम्म सो मस्यौदा पारित गराउन कुनै पहल नभएको पार्टी श्रोतले जनाएको छ ।

प्रदेशसभामा दल दर्ताको पत्र दर्ता भएसंगै पनि ढिलासुस्ती भएको हो । प्रदेशसभाका निमित्त सचिव यादवले दल दर्ताको पत्र २७ गते प्रदेश सभामा दर्ता भएकोले अब सचेतकहरुले आ-आफ्नो सुविधा फिर्ता गर्नुपर्ने जानकारी दिए । उनले भने, 'नयाँ सचेतक चयनपछि मात्रै पुन: चयन भएका सचेतकलाई सुविधा उपलब्ध गराइने छ । तर पार्टीमा सबैभन्दा बढी समस्या संसदीय दलका नेता चयन गर्नमा देखिएको छ । अध्यक्ष यादवको उपस्थितिमा बसेको बैठकले संसदीय दलको विधान बनाउनका लागि एक समिति गठन गरिएको थियो । तर सो समितिले कार्तिक १८ गते नै विधानको मस्यौदा अध्यक्ष यादव र ठाकुरलाई दिएपनि त्यसलाई पारित गराउन कुनै पहल नभएको बताइएको छ । विधान मस्यौदा समितिका सदस्य रामअशिष यादवले विधानको मस्यौदा पार्टी नेतृत्वपंक्तीलाई बुझाइसकिएको बताउँदै पार्टीले गर्ने निर्णय अनुसार नै संसदीय दलको नेता छनौट गर्नका लागि निर्वाचन प्रक्रिया अघि बढाइने बताए ।

यता संसदीय दलका नेता छनौट गर्नका लागि बनाइएको विधान मस्यौदा समितिले तयार गरेको मस्यौदा पार्टी भित्रै पारित गराएर मात्रै बुझाउनु पर्ने भएपनि समितिका संयोजक मनिष सुमन एक्लै मस्यौदा बुझाएको जनाए । विधानलाई संसदीय दलको बैठकबाट पारित गराएर नेता चयनको प्रक्रिया सुरु हुनेछ । तर विधान पारित गराउनमै समस्या देखिएको छ । संसदीय दलका नेता बन्नका लागि आकांक्षीहरुको संख्या करिब आधा दर्जन छन् ।

संसदीय दलका नेता बन्नका लागि मुख्यमन्त्री लालबाब राउतसहित भौतिक विकास पूर्वाधार मन्त्री जितेन्द्र सोनल, प्रदेशसभाहरु सदस्य उपेन्द्र महतो, मनिष सुमन लगायतकले दावेदारी प्रस्तुत गरेका छन् ।

प्रदेश २ को संसदीय दलका नेता बन्नका लागि मुख्यमन्त्री लालबाबु राउत, जितेन्द्र सोनल, उपेन्द्र महतो, मनिष सुमन लगायतका नेताहरु आकांक्षी छन् ।

'सरकार भ्रष्ट्राचारमा लिप्त'

राउत नेतृत्वको सरकारले भ्रष्ट्राचारमा लिप्त भएपछि जनताको भावनाअनुसारको काम हुन नसकेर प्रदेश २ गठन भएको अनुभुति हुन सकेको नसकेको सत्ताधारी जसपाकै सांसदहरुको आरोप छ । राउत नेतृत्वको सरकार फेर्नुपर्नेमा सत्ताधारी प्रदेश २ का अधिकांश मन्त्रिहरुदेखि सांसद र नेताहरु समेत सहमत देखिएका छन् । एकीकरण भए पनि संसदीय नेता, उपनेता, सचेतकलगायतको विषयमा पार्टी भित्र विवादको कारणले सहमति गर्न सकेको छैन् । हाल प्रदेशसभामा तत्कालीन समाजवादी पार्टीका तर्फबाट संसदीय दलका नेता लालबाबु राउत, उपनेता रामआशिष यादव, प्रमुख सचेतक शैलेन्द्र यादव र राजपा संसदीय दलका नेता जितेन्द्र सोनल, प्रमुख सचेतक प्रमेश्वर साह रहेका छन् ।

मुख्यमन्त्री राउतले दुई पार्टीको एकता पछि पनि दलको नेता बनेर मुख्यमन्त्रीको कुर्सीमा बसिराख्न प्रदेशसभा सदस्यहरुलाई आफूतिर तान्ने कोसिश गरिरहेका छन् भने अर्को तर्फ मन्त्री जितेन्द सोनल आफू संसदीय दलको नेता बनेर मुख्यमन्त्री बने पछि प्रदेशलाई हालको नेतृत्वभन्दा राम्रो गरेर देखाउने भन्दै सदस्यहरुलाई आफूतिर तान्ने काम लागेका बताइएको छ ।

नयाँ संसदीय दलको नेता बन्नको लागि मुख्यमन्त्री राउत र मन्त्री सोनल मुख्य प्रतिस्पर्धीको रुपमा रहेको र अन्य प्रदेश सभा सदस्यहरु संसदीय दलको नेता बन्न खुलेर अगाडि नसकेका हुन । नयाँ संसदीय दलको नेता आए पछि सरकार त्यही अनुसार गठन हुने सम्भावनालाई नकार्न नसकिने अवस्था रहेको छ ।

संसदीय दलको नेताको लागि मुख्यमन्त्री राउतलाई अध्यक्ष उपेन्द्र यादवले अघि सारेका छन् भने मन्त्री जितेन्द सोनललाई अर्का अध्यक्ष महन्थ

बाँकी अन्तिम पृष्ठमा

## प्रधानमन्त्री र भारतीय विदेश सचिवबीच भेट



काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय विदेश सचिव हर्षवर्द्धन श्रृंगलाबीच भेटवार्ता भएको छ । भेटमा दुई देशबीच आपसी हित प्रवर्द्धनका विषयमा कुराकानी भएको छ । यस्तै भारतीय विदेश सचिव हर्षबर्द्धन शृंगला र परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीबीच भेटवार्ता भएको छ । नेपाली प्रतिनिधिमण्डलसँगको द्विपक्षीय वार्ता सम्पन्न गरी भारतीय विदेशसचिव शृंगला प्रधानमन्त्री ओली र परराष्ट्रमन्त्री ज्ञवाली गरेका हुन ।

## दुई हजार रेम्डिसिभिर हस्तान्तरण



काठमाडौं । भारतीय विदेशसचिव हर्षबर्धन श्रृंगलाले नेपालका लागि कोभिड-१९ सम्बन्धी स्वास्थ्य सहयोग हस्तान्तरण गरेका छन् । उनले परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीलाई मन्त्रालयमा सो सहयोग हस्तान्तरण गरेका हुन् । उनले नेपालमा रहेका कोरोना संक्रमितको उपचारका लागि भनी दुई हजार भायल (सिसि) रेम्डिसिभिर औषधि सहायता हस्तान्तरण गरेका हुन् । त्यसका लागि मन्त्री ज्ञवालीले भारत सरकारलाई धन्यवाद दिएका छन् ।

## गौर-बैरगनिया सीमा खोलियो

जनकपुरधाम । रौतहटको गौर-बैरगनिया सीमा नाका बिहीबारबाट खोलिएको छ ।

अभिलेख राखेर नेपालीहरुलाई पैदल आउन जान दिने गरी रौतहटको एक मात्र गौर सीमानाका खोलिएको रौतहटका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए ।

प्रजिअ यादवका अनुसार नेपालीलाई पैदल आबत जावत, अतिआवश्यक विवाहको गाडी, गम्भीर बिरामी बोकेका एम्बुलेन्स तथा सवारीसाधन, शव बाहनलाई अभिलेख राखेर जान आउने दिने गरी गृह मन्त्रालयसँग समन्वय गरेर व्यवस्थापन गरिएको छ ।

## प्रदेश २ मा बढ्दो अपराधिक घटना



ईकान्तिपुरबाट साभार

काठमाडौं । प्रदेश २ मा अपराधिक घटनाहरु दिनप्रति बढ्दै गएको छ । प्रदेशको शान्तिसुरक्षा अत्यन्त फितलो देखिएको छ । प्रदेश २ मा पछिल्लो चार महिना साउनदेखि कार्तिकसम्म हत्या, बलात्कार, जबरजस्ती करणी उद्योग, एसिड प्रहार, अप्राकृतिक मैथुन र बोक्सी आरोप लगायतका अपराधिक घटनाहरुमा बढोत्तरी भएको छ । गत चार महिनाको अवधिमा २५ हत्या, १४३ बलात्कार र जबर्जस्ती करणी उद्योग लगायतका घटनाहरु भएका छन् । यस्तै गत आर्थिक वर्षमा ९० हत्या, २८५ बलात्कार र ९६ जबर्जस्ती करणी उद्योगका घटनाहरु भएको तथ्यांकले देखिएको छ ।

### भारतीय विदेश सचिव भ्रमण

## द्विपक्षीय सम्बन्ध पुरानै लयमा फर्कने अपेक्षा

सुगौली सन्धिअनुसार लिम्पियाधुरा, लिपुलेक र कालापानीसहितको आफ्नो भूभागलाई समेटेर नेपालले नयाँ राजनीतिक एवं प्रशासनिक नक्शा प्रकाशन गरेपछि केही चिसिएको नेपाल-भारत सम्बन्ध बिहीबारदेखि हुने भारतका विदेश सचिवको भ्रमणबाट पुन: हार्दिकतातर्फ फर्कने अपेक्षा दुवै देशका नागरिकले गरेका छन् ।

सामारिक महत्वको नेपाली भूमि कालापानी क्षेत्रलाई छ दशकदेखि आफ्नो स्वामित्व दावी गर्दै आएको भारतले गत वर्ष नेपालको भूभागलाई समेटेर एकतर्फी रुपमा नयाँ नक्शा जारी गर्नाका साथै नेपालको भूमि लिपुलेक भएर तिब्बतको कैलाश मानसरोवर पुग्ने बाटो निर्माणपछि उद्घाटन नै गरेपछि नेपालले पनि आफ्नो राजनीतिक एवं प्रशासनिक नक्शा अद्यावधिक गरेको वास्तविकताप्रति दुवै देशका जनता अनभिज्ञ छैनन् ।

आकार र आर्थिक सामर्थ्यका आधारमा विश्वमानचित्रमा सानो भए पनि ओजपूर्ण अस्तित्वलाई अक्षुण्ण राख्दै सार्वभौमसत्तासम्पन्न स्वतन्त्र राष्ट्रका रुपमा स्थापित नेपालले भारतसँगका सबै समस्या वार्ता, संवाद र सहमतिका आधारमा समाधान गर्नुपर्ने मान्यतालाई अङ्गीकार गर्दै तदनुरुप नै हुनुपर्ने अभिमत सार्वजनिकरुपमा प्रकट गर्दै आएको छ ।

कोभिड-१९ तथा अन्य कारणले करीब एक वर्ष टुटेको नेपाल र भारतबीचको औपचारिक कूटनीतिक संवादलाई पाका कूटनीतिक व्यक्तित्व हर्षबर्धन शृङ्गलाको दुईदिने नेपाल भ्रमणले गतिशील तुल्याउने तथा शताब्दीऔं पुरानो द्विपक्षीय सम्बन्धलाई पुरानै लयमा फर्काउने विश्वास गरिएको छ ।

शान्ति, मैत्री, भ्रातृत्व, सहकार्य र साझेदारीमा आधारित नेपाल-भारत सम्बन्धलाई थप सहयोगात्मक बनाउँदै यसलाई दुवै देशका जनताको बृहत्तर हितमा केन्द्रित गर्नुपर्नेमा कूटनीतिक क्षेत्रका जानकारले जोड दिँदै आएका छन् । भारतीय पक्षले पनि पारस्परिक सहयोगलाई अझ सुदृढ तुल्याउँदै भारत-नेपाल सम्बन्ध अझ उन्नत होस् भन्ने चाहना सार्वजनिक रुपमा नै व्यक्त गरेको छ ।

बिहीबार परराष्ट्र सचिव भरतराज पौड्यालसँग भएको प्रतिनिधिमण्डलस्तरीय वार्तामा नेपाल-भारत बहुआयमिक सम्बन्धका समग्र पक्षमा गहन छलफल भएकोछ । राजनीतिक सम्बन्ध, सिमाना र सुरक्षा, आर्थिक सहयोग एवं पूर्वाधार, व्यापार तथा पारवहन, ऊर्जा र जलस्रोत, संस्कृति र शिक्षा, प्रबुद्ध व्यक्ति समूह (इपिजी)को प्रतिवेदनलगायत विषयमा विचारविमर्श भएको परराष्ट्र मन्त्रालयका अधिकारीहरुले बताउँछन् ।

दुई देशका परराष्ट्रमन्त्रीको सहअध्यक्षतामा हुने नेपाल-भारत संयुक्त आयोगको छैटौं बैठकमा भागलिन मन्त्री ज्ञवालीलाई आमन्त्रण गर्नु पनि सचिव शृङ्गलाको भ्रमणको अर्को उद्देश्य हो । भारतमा विदेश मन्त्रालयमा कार्यभार सम्हाल्नेबित्तिकै सचिवले छिमेकी मुलुकको परिचयात्मक भ्रमण गर्ने र ती देशको वास्तविक

बाँकी अन्तिम पृष्ठमा



## सम्पादकीय

# भ्रमणबाट अपेक्षा

भारतका विदेश सचिव हर्षवर्द्धन श्रींगलाको दुई दिने नेपाल भ्रमण अत्यन्त चासोका साथ हेरिएको छ। यद्यपी यो भ्रमण दुई छिमेकी मुलुकबीचको उच्चस्तरीय भ्रमणको निरन्तरता भएपछि पछिल्लो समय नेपाल र भारतबीच बढेको कटुताकाबीच यो भ्रमण अत्यन्त महत्वपूर्ण मानिएको छ।

नेपाल र भारतबीच सीमा विवादका कारण सम्वादहीनताको अवस्था देखिएपछि सम्बन्धमा सुधार ल्याउन केही समययता भारतीय पक्षबाट महत्वपूर्ण भ्रमण भएका छन्। कात्तिक ५ मा भारतीय गुप्तचर प्रमुख सामन्तकुमार गोयल र कात्तिक १९ मा भारतीय सेना प्रमुख मनोज मुकुन्द नरवाणे काठमाडौं आएका थिए। यसअघि दुई देशबीचको सीमा विवादबारे छलफलका लागि नेपालले पटकपटक राखेका प्रस्तावलाई भारतले कोरोना महामारी कारण देखाएर टार्दै आएको थियो। पछिल्लो पटक भएका भारतीय अधिकारीहरूको भ्रमण नेपाल-भारत सम्बन्ध सुधारमा फलदायी हुने अपेक्षा गरिएको छ।

विदेश सचिवको भ्रमणबाट पुनः हार्दिकतातर्फ फर्कने अपेक्षा पनि गरिएको छ। कोभिड-१९ तथा अन्य कारणले करीब एक वर्ष टुटेको नेपाल र भारतबीचको औपचारिक कूटनीतिक संवादलाई पाका कूटनीतिक व्यक्तित्व शृङ्गलाको भ्रमणले गतिशील तुल्याउने तथा

**भारतीय पक्षले पनि पारस्परिक सहयोगलाई अझ सुदृढ तुल्याउँदै भारत-नेपाल सम्बन्ध अझ उन्नत होस् भन्ने चाहना सार्वजनिक रुपमा नै व्यक्त गरेको छ।**

शताब्दीऔँ पुरानो द्विपक्षीय सम्बन्धलाई पुरानै लयमा फर्काउने विश्वास गरिएको छ।

शान्ति, मैत्री, भ्रातृत्व, सहकार्य र साझेदारीमा आधारित नेपाल-भारत सम्बन्धलाई थप सहयोगात्मक बनाउँदै यसलाई दुवै देशका जनताको बृहत्तर हितमा केन्द्रित गर्नुपर्नेमा कूटनीतिक क्षेत्रका जानकारले जोड दिँदै आएका छन्। भारतीय पक्षले पनि पारस्परिक सहयोगलाई अझ सुदृढ तुल्याउँदै भारत-नेपाल सम्बन्ध अझ उन्नत होस् भन्ने चाहना सार्वजनिक रुपमा नै व्यक्त गरेको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीको 'सबैको साथ, सबैको विकास' नीति र प्रधानमन्त्री ओलीले अघि सार्नुभएको 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा पूरा गर्न भारतलगायत बाह्य विश्वको नैतिक एवं भौतिक सहयोग नेपालका निम्ति अपरिहार्य छ। कोरोनाको महामारीका कारण शिथिल भएको अर्थतन्त्र उकास्न र सहज ढङ्गले स्वास्थ्य सेवा प्रवाहका निम्ति आवश्यक उपकरण एवं सामग्री जुटाउन पनि भारतका विदेश सचिवको भ्रमण सहयोगी हुने मान्न सकिन्छ।

भारत -नेपाल सम्बन्धमा एउटा नयाँ अध्याय आरम्भ गर्ने अभिभाराका साथ हुन लागेको शृङ्गलाको भ्रमणले भारत-नेपाल सम्बन्धको मर्म बुझेर दुई राष्ट्रबीच फेरि प्रगाढ आत्मीयताको ज्योति छर्ने आशा गर्न सकिन्छ।

काठमाडौं र दिल्लीले सम्बन्ध सुधार्न संकेत गरे पनि त्यो पूरा गर्न सहज छैन। द्विदेशीय सम्बन्ध सुधारमा प्राथमिकता र निरन्तरता जरुरी देखिन्छ। सन् १९८७ मा गठन भएको परराष्ट्र सचिवस्तरीय संयन्त्रले नियमित र अर्थपूर्ण रूपमा काम गर्न सकेको भए अहिलेको असहज स्थिति आउने नै थिएन।

# नेपालको राजनीतिमा छिमेकी सम्बन्ध

**विचार-विश्लेषण** भाग-७४



उपेन्द्र झा

दक्षिण एशियाका दुई महाशक्ति देशबीचको सानो तथा जोखिमपूर्ण अवस्थामा रहेको गरिब मुलुक हो नेपाल। सर्वोच्च शिखर, प्राकृतिक सुन्दरता तथा हिमाली श्रृंखला आदिले नेपाल विश्वमा पहिचान बनाएको छ। विश्वका अनेक ठूला देशहरुसँग नेपालको कूटनीतिक तथा मैत्री सम्बन्ध कायम छ।

भारतसँगको गहिरो सम्बन्धमा ठूलो सानोको असमान व्यवहारका कारण समय समयमा सम्बन्धको असन्तुलनबाट उत्पन्न हुने तनावको अवस्थामा वैकल्पिक मार्ग खोज्ने नेपालको प्रयास अस्वाभाविक होइन। एक पक्षीय रुपमा भारतमाथि निर्भर रहेको नेपाललाई असमान व्यवहारले दिएको पीडाप्रति भारत गम्भीर हुन नसक्को नेपाल पक्षको गुनासोलाई भारतले बेवास्ता गर्नु हुँदैन। नेपालसँगको अन्तरंग सम्बन्धप्रति भारतले पनि समय सापेक्ष नयाँ दृष्टिकोणबाट सम्बन्धको सम्बेदनशीलतालाई मनन् गर्नुपर्दछ। सानो भएको कारण अवहेलित हुने, अपमानित हुने, असमान व्यवहारमा पर्ने, आत्मसमर्पणको अवस्थामा प्रस्तुत हुनु पर्ने आदि नेपाल पक्षका आरोपहरुको समय मै निराकरण गरि सम्बन्धको न्यानोपनालाई कायम राख्नु पर्दछ। नेपाल सार्वभौम सत्ता सम्पन्न स्वतन्त्र राष्ट्रको स्वाभिमानलाई अक्षुण्ण राख्ने कुरामा कुनै अवरोध हुनु हुँदैन। नेपाल भारतको गहिरो मैत्री सम्बन्धको सम्वेदनशीलता समान व्यवहारको आधारमा नवीकरण हुँदै जाँदा सम्बन्धको सशक्तिकरण हुँदै जान्छ।

अस्तित्वकालदेखि चीनभन्दा भारतसँग नेपालको गहिरो मैत्री सम्बन्ध रहेको इतिहास छ। नेपालभोट (तिब्बत) व्यापार नेपाली इतिहासमा जीवित प्रमाण भेटिए पनि चीनसँगको यदाकदा घटनाबाहेक गहिरो मैत्री सम्बन्ध देखिँदैन। बितेको १२ वर्षमा दक्षिण एशियामा आफ्नो वर्चस्व देखाउन लिएको रणनीति तहत चीन नेपालसँग एकतर्फी गहिरो मैत्री सम्बन्ध जोड्न युद्धस्तरको प्रयासमा लागेको देखिएको छ। नेपाललाई भारतीय प्रभावबाट निकालेर आफ्नो प्रभावमा लिने मनसायबाट प्रेरित चीन आफ्नो समृद्धिको सहायताले नेपालको गरिबी निवारण गर्ने कुरा गरिरहेको छ।

चीनको कूटनीतिक सम्बन्धले कहिले पनि नेपालसँग गहिरो मैत्री सम्बन्ध बनाउन सकेन। चीनले नेपालसँग अस्वाभाविक रुपमा गहिरो सम्बन्ध बनाउने औचित्य नै बुझेन। विगतमा भारतसँग सम्बन्धको तनावपूर्ण अवस्थामा शासकहरुले चीनसँग गहिरो मैत्री सम्बन्ध बनाउने प्रयास गर्दा पनि यसले स्थायित्व लिन सकेन। एक दशकदेखि नेपालको राजनीतिमा चीनको अप्रत्याशित हस्तक्षेपकारी चासो बढेको पाइएको छ। नेपाल गरीब मुलुक र राजनीतिकर्मी दरिद्र मानसिकताका भएकोले चीनको आर्थिक सहयोगले नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीलाई आत्मसमर्पण गरायो।

काँग्रेस (आई)को सरकारसम्म नेपालको सम्बन्ध ठीक थियो। सन् २०१४ मा नरेन्द्र मोदीको सरकार गठन हुँदा नेपाल एकाएक भारतसँग के कति कारणले आक्रामक भए यसको पुष्ट कारण देखिँदैन। त्यतिबेला नाकाबन्दी आन्दोलन पनि थिएन। चीनसँग नेपाल सरकारले यतिबेला गहिरो मैत्री सम्बन्ध विकसित गरिसकेको थियो। भारतलाई नेपालले वैकल्पिक मार्ग प्राप्त गरेको दृष्टान्त पनि देखाउनु थियो। चीनसँग आर्थिक सहयोगको सशक्त माध्यम पाएको उन्माद थियो कि चीनको ईशारा, ओलीले नरेन्द्र मोदीप्रति विषबमन गर्न शुरु गर्‍यो। ओली सरकारले भारतसँगको निर्विकल्प सम्बन्धको सम्वेदनशीलतालाई पनि बुझ्न सकेन। कूटनीतिक मर्यादा, भारत माथिको परनिर्भरता, निकाशद्वार, नेपाल-भारतको विशेष मैत्री सम्बन्धको सद्भावना आदि सबैलाई बिर्सेर केपी शर्मा ओली भारतप्रति कठोर व्यवहार प्रदर्शन गरेर चीनको स्थायी विश्वास प्राप्त गर्न चाहन्थ्यो। भारतको अनावश्यक विरोधको कारण राजनीतिक विश्लेषक वृतमा योभन्दा अरु कुनै देखिएन।

संसदमा बोल्ने क्रममा कूटनीतिक मर्यादालाई बेवास्ता गर्दै "निशान छापमा भारतको सत्यमेव जयते हो कि सिंहमेव जयते" भनेर कति तल्लोस्तरमा ओर्लेर ओलीले भारतको विरोध गरेको थियो। अयोध्यामा राम मन्दिरको निर्माणको व्यापक चर्चा भई रहँदा ओलीले अयोध्या नेपालको ठोरी भन्ने ठाउँ हो र राम नेपालकै हुन् भनेर अर्को एकघ्नि अस्त्र नरेन्द्र मोदीमाथि दागेको थियो। कालापानी, लिपुलेक र लिम्पियाधुरा भूभाग समेटेर नेपालको नयाँ नक्शा संसदबाट पास गरि भारतसँग बढाउँदै लगेको तनावलाई अमिट रुपमा स्थापित गर्‍यो।

भारत सरकारको प्रतिनिधि आउँदा "हस्तक्षेप" भनेर उद्घोष गर्ने यहाँका राजनीतिकर्मी चीनको अतिक्रमणलाई नजरअन्दाज गर्छन्। उत्तरी सीमामा नेपालको भूमिमा बनाएको चीनको घरहरु अतिक्रमणमा नरहेको परराष्ट्रको विज्ञप्तिले प्रष्ट गरेको छ। भारतको विरोधमा चीनले नेपाललाई प्रयोग गरेको कुरा अन्धभक्तिको अन्ध्यारोमा ओलीलाई परिलक्षित हुन सकिरहेको छैन। पाकिस्तानलाई पनि चीनले उचाल्यो र अहिले थेचारेको व्यथा इमरान खानले भोगिरहेको छ। सीपेकको लोभमा पारेर चीनले पाकिस्तानलाई भारतको विरोधमा जति प्रयोग गर्नु पर्दथ्यो, त्यति पाकिस्तान प्रयोग हुन नसकेको कारण अहिले सीपेकको कार्यक्रम चीनले स्थगित गरिदिएको छ। सीपेकबाट हात निकालेपछि पाकिस्तानको हालत रुने सिवाय अरु केही छैन।

मोदीलाई गाली गरेर राष्ट्रवादीलाई संगठित पारि अप्रत्याशित जीतबाट दुईतिहाई नजिकको सरकार बनाउन सफल ओली आफ्नो लोकप्रियताको भारी बोक्न असफल भएको छ। सरकारलाई स्थायित्व दिएर देश र जनताको कामलाई सुचारु गर्नु पर्ने दायित्व बिर्सेर ओली शक्ति उन्मादमा आफ्नो अहम् स्थापनाका लागि अनेक गलत तिकडम् लगाएर आसेपासेलाई फायदा पुर्‍याउने दिशामा लागे। आफ्नो अहम्बाट प्रेरित ओलीको चारित्रिक निरंकूता तथा अराजक चरित्र प्रयोग हुन थाल्दा शासनको बागडोर छुट्यो। फलतः देश अराजक अवस्थामा पुगेपछि देशमा खुल्लेआम भ्रष्टाचार, बलात्कार, हत्या हिंसा, एसिड प्रयोग अर्थात् चारैतिर अपराधको ताण्डव व्याप्त भयो। ओलीले देशमा सुशासनको अनुभूति गराउन बिलकूल असफल भयो।

अहिले आफ्नै पार्टीभित्र पारस्परिक झगडाले विस्फोटको रुप लिएको छ। तत्कालीन माओवादी र एमाले एकीकरणबाट बनेको देशको शक्तिशाली पार्टी नेकपा अहिले विभाजनको अन्तर व्यथामा छटपटाई रहेको छ। पार्टीको नियम कानूनभन्दा माथि रहेको ओली कुनै कुरा मान्न तयार छैन। आरोप, प्रत्यारोप अब छलफलको विषय नरहि दुश्मनीमा रुपान्तरण भएकोले मंसिर १३ अगावै पार्टी दुर्घटनामा पर्ने निश्चित भइसकेको छ। प्रचण्ड गुट पनि आउने अनिष्टका लागि आफूलाई तयार पारिसकेको छ। केपी शर्मा ओलीको अहंकारले पार्टी संचालनमा पनि ओलीलाई असफल तुल्याएको छ। ओलीलाई देशमा छाएको अराजकता परिलक्षित भइरहेको छैन। पार्टी लहुलुहान भएको देख्दैन। उसले आफ्नो अहम् घायल भएको कुरा मात्र देख्छ। बडो कारुणिक ढंगले ओली शेरबहादुर देउवालाई बालुवाटर बोलाएर सहयोग गर्न आग्रह गर्‍यो। एमसीसी पास गराउन पनि ओलीका लागि महत्वपूर्ण कुरा हो।

चरम खुराफातमा ओर्लेको ओली जनता समाजवादी पार्टीलाई पनि आफ्नो शिकार बनाउने दावमा पुग्न सक्छ। प्रचण्ड गुटको अविश्वासको प्रस्तावलाई फेस गर्नेदेखि लिएर अध्यादेशमार्फत पार्टी विभाजन गरि सबैलाई अलग्याउने ओलीको रणनीति छ। पार्टी विभाजन गरि नेपाली काँग्रेस र जनता समाजवादी पार्टीसँग मिलेर सरकार बनाउँदा सहज रुपले एमसीसी पास हुने र निर्वाध सरकार चलाउन पनि हुने उद्देश्यले ओली नयाँ समीकरण बनाउने दिशामा अग्रसर छ।

ओलीलाई नियन्त्रण गर्न चीनको राजदूत होउ यान्छी पनि असफल भएको कुरा अहिलेसम्मको अवस्थामा देखिएको छ। ओलीको पैंतरावाजी बुझ्निनसक्नु भएको छ। "रअ" प्रमुखसँग भेंट गरेदेखि ओलीको आक्रामक भूमिकाले कहीं त्यहींबाट निर्देशित त होइन भन्ने बुद्धिजीवी, विश्लेषक तथा नेकपाका विपक्षीहरुको आशंका घनीभूत छ। चीनियाँ राजदूतको पार्टी नफोड्ने आग्रहलाई पनि चिनियाँ अन्धभक्त ओलीले नमानेर कहीं यो पुनश्चः आफ्नो गडफादरको प्रभावमा त गएन भन्ने शंका लिनु स्वाभाविकै हो।

यही मंसिर ११ गते नेपाल-भारतको सचिवस्तरीय बैठक तय भएर नेपाल-भारतको सम्बादहीनता टुटेको छ। यो बैठकमा भाग लिन भारतका विदेश सचिव हर्षवर्द्धन श्रृँगला बिहीबार आउने भएका छन्। नेपाल-भारत सम्बन्धमा बढेको तिक्तता कम भएर सम्बन्ध सुधारको दिशामा यो बैठक कारगर सिद्ध होला भन्ने विद्वत वर्गमा ठूलो आशा पलाएको छ। ओलीको पनि सम्बन्ध सुधारतिरको झुकावका केही लक्षणहरु देखा परेका छन्। ओलीमा भइरहेको परिवर्तनबारे बेइजिङ पनि चिन्तित बन्नु स्वाभाविक हो। नेपालमा गरिएको लगानी डुब्ने आशंकामा उ पनि मंसिर १४ गते रक्षामन्त्रीलाई पठाउँदै छ।

**भारतसँग सम्बन्ध सुधार गर्न ओली कतिको सकारात्मक छ भन्ने कुरा बैठकपछि थाहा हुनेछ। नेपाल-भारतको प्राकृतिक सम्बन्धको विकल्प खोजियो भने त्यो अवस्था धेरै जोखिमपूर्ण हुने सत्यलाई स्वीकार गर्नै पर्दछ। यी सब कुराको उपलब्धि गराए पनि ओली प्राप्त गरेका कुरालाई व्यवस्थित गर्न असफल देखिएका छन्। आगामी राजनीतिको मार्गचित्र कोर्दा मनोवाँछित परिस्थिति रहन्छ कि रहँदैन, के ठेगान।**

अनुकूल परिस्थिति सधैं रहँदैन। अनुकूल परिस्थिति पाएर ओलीले हदैसम्मको स्वेच्छाचारिता प्रयोग गरेर सम्हाल्न नसक्ने लाभ प्राप्त गरेकै हो। भारतलाई पनि वाकयुद्धबाट ध्यानाकर्षण गराएकै हो। भारतसँग सम्बन्ध सुधार गर्न ओली कतिको सकारात्मक छ भन्ने कुरा बैठकपछि थाहा हुनेछ। नेपाल-भारतको प्राकृतिक सम्बन्धको विकल्प खोजियो भने त्यो अवस्था धेरै जोखिमपूर्ण हुने सत्यलाई स्वीकार गर्नै पर्दछ। यी सब कुराको उपलब्धि गराए पनि ओली प्राप्त गरेका कुरालाई व्यवस्थित गर्न असफल देखिएका छन्। आगामी राजनीतिको मार्गचित्र कोर्दा मनोवाँछित परिस्थिति रहन्छ कि रहँदैन, के ठेगान। आफ्नो गुटबाहेक ओली देशमा बिलकूल एक्लिएको छ। ओलीले देश र विदेशमा पनि आफ्नो विश्वसनीयता गुमाएको छ। पार्टी विभाजन ओलीको दुर्भाग्य शुरु भएको दिनहुनेछ।

janukjha24@gmail.com

# लामो समयदेखि भारतसँगको सीमा बन्द हुँदा तराई मधेशका जनता कठिनाइ भोग्न बाध्य : संयोजक झा

काठमाडौं। कोभिड १९को महामारी पछि नेपालले अन्तराष्ट्रिय सीमा बन्द गरेको छ। यसको असर भारतसँग खुला सीमा रहेको तराई मधेशका नागरिकलाई परेको छ। लामो समयदेखि भारतसँगको सीमा बन्द हुँदा तराई मधेशका जनता कठिनाइ भोग्न वाध्य भएका छन्।

भारतसँगको सीमाना खुला गर्न माग गर्दै तराई मधेशका स्थानीयबासीले ७ दिनदेखि सीमा क्षेत्रमा धर्ना दिन थालेका छन्। नेपाल भारत खुला सीमा संवाद समुहको आयोजनामा धर्ना कार्यक्रम सुरु गरिएको हो। यस समुहको नेतृत्व राजिव झाले गरेका छन्। झाका अनुसार धनुषा, महोत्तरी र सिराहमा ७ दिन देखि धर्ना कार्यक्रम राखिएको छ। बुधबारदेखि सप्तरीमा पनि धर्ना कार्यक्रम राखिने उनले जनाए। यसैगरी रौतहट र पर्सामा पनि धर्ना कार्यक्रम राख्ने तयारी भएको उनले जनाए। धर्नामा स्थानीयबासीहरुको समर्थन रहेको उनको भनाइ छ।

भारतसँगको सीमा तत्काल खुला गर्न संवाद समूहले सरकारसँग माग राखेको छ। 'भारतले एकतर्फी सीमा नाका खुला गरेको छ तर नेपालले भने सीमा बन्द गरेको छ। यसबाट तराई मधेशका जनतालाई ठूलो कठिनाइ उत्पन्न भएको छ,' झाले भने 'सीमा नाका बन्द हुँदा तराइ मधेशका जनताका रोजगार, जनजीवन,औषधी उपचारमा समेत प्रभाव परेको छ।'

सीमा क्षेत्रका स्थानीयबासीहरुको एक अर्को देशमा वैवाहिक सम्बन्ध छ। सीमा क्षेत्र बन्द हुँद पारिवारिक भेटघाट तथा मिलनमा समेत विचलन आएको धर्नाकारीहरुको भनाइ छ। धर्ना कार्यक्रमलाई जनता समाजवादी पाटीले पनि समर्थन गरेको छ। जनता समाजवादीका अध्यक्षद्धय महन्थ ठाकुर र उपेन्द्र यादवले मंगलबार संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै नेपाल-भारत सीमा खुला गर्न माग गरेका छन्। सीमा बन्द हुँदा तराई मधेसका जनताका जनजीवन अत्यन्त कष्टकर भएको विज्ञप्तिमा जनाइएको छ। यसैगरी तराई मधेसका जनताको रोजगार तथा आर्थिक सामाजिक क्षेत्रमा गम्भिर असर पारेको ठाकुर र यादवले जनाएका छन्। भारतसँगको सीमालाई व्यवस्थित बनाइ तत्काल खुला गर्न जसपाले सरकारसँग माग राखेको छ।

संवाद समूहको नेतृत्व गरेको झा जनता समाजवादी पार्टीका नेता पनि हुन्। उनलाई जसपाका जिल्ला तहका नेताहरुले साथ दिएका छन्। सत्तारुढ नेपाल कम्युनिस्ट पार्टीका केही नेताहरुले भारतसँगको सीमानामा काँडेतार लगाउनु पर्ने आवाज कहिलेकाँही उठाउने गर्छन। यसबाट सरकारले स्थायी रुपमै सीमा बन्द गर्न खोजेको हो कि भन्ने आशंका स्थानीयबासीहरुको छ। स्थायी रुपमा सीमा बन्द गरेमा मधेसका जनताको समस्या झन कष्टकर हुने झाले बताए। करिब ९ महिनादेखि नेपालले भारत लगायत अन्तराष्ट्रिय सीमा बन्द गरेको छ।

# पार्टीप्रति ओलीको संवेदनशीलता देखिएन

स्वयम् प्रधानमन्त्री तथा अध्यक्ष केपी शर्मा ओलीजी र अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डजीले हस्ताक्षर गरेर कार्यदलको प्रतिवेदन निर्देशनको रुपमा पार्टीमा जारी पनि गर्नुभयो । तर त्यसलाई कार्यान्वयन गरिएन । कार्यान्वयन गर्ने कुरामा स्वयम् प्रधानमन्त्री तथा अध्यक्षज्यूबाट जुन उदासीनता देखाइयो त्यो कारणले यो समस्या उत्पन्न भएको छ ।

**० नेकपाभित्र चलिरहेको विवादको जड के हो ?**

– नेकपाभित्र धेरै लामो समयदेखिको विवाद त यो होइन । खासगरी गत बैशाखमा जति बेला सरकारको तर्फबाट प्रधानमन्त्रीकै सक्रियतामा दल विभाजनसम्बन्धी विधेयक आयो, त्यो बेलादेखि पार्टीभित्र विवाद सुरु भएको हो । त्योभन्दा अगाडि पनि सामान्यरुपमा व्यवस्थापनसम्बन्धी विधि र नीतिका कुराहरु थिए । तर गत माघमा सम्पन्न पार्टीको दोस्रो केन्द्रीय कमिटीको बैठकले ती सबै कुराहरुलाई समाधान गरेको थियो । त्यसपछि हामीले स्थायी कमिटी सदस्यको तर्फबाट बैठकको माग गऱ्यौं, तर बैठक आयोजना भएन । धेरै दबाबपछि बैठक भयो । त्यो बैठकमा सरकारको समीक्षा, पार्टी कार्यको समीक्षा, कोरोना संक्रमणको विषयमा कसरी अगाडि जाने र जनताका दैनिक जनजीविकाका विषयहरु, एमसीसी आदि विषयहरुमा कार्यसूची तय भएको थियो । त्यो बैठक पनि सहजरुपमा अगाडि बढ्न सकेन । त्यसपछि फेरि कार्यदल गठन भयो, कार्यदलले प्रतिवेदन दियो । म पनि त्यो कार्यदलको सदस्य थिएँ । त्यो प्रतिवेदनको आधारमा स्थायी कमिटीले महत्वपूर्ण निर्णय गऱ्यो । तर त्यसको कार्यान्वयन भएन । फलस्वरुप यो समस्या उत्पन्न भएको हो । योसँगै राजनीतिक, सैद्धान्तिक, नीतिगत, विधिगत, शैलीगत, प्रवृत्तिगत समस्याहरु गाँसिएका छन् ।

**० भनेपछि, नेकपाभित्र उठ्ने गरेका विवादहरु सैद्धान्तिक नै छ त ?**

– नेकपाभित्र मूलभूत रुपमा सैद्धान्तिक, वैचारिक, नीतिगत, शैलीगत, पद्धतिगतसँग सम्बन्धित नै विवादहरु छन् । त्यसको साथसाथै पार्टी संगठनलाई कसरी व्यवस्थापन गर्ने विषयसँग पनि सम्बन्धित छन् । तर कतिपय व्यक्तिहरुको तर्फबाट यी विषयहरुलाई ओझेलमा पारेर त्यसलाई निजीकरण गर्ने वा व्यक्तिगत पद प्रतिष्ठासँग जोड्ने प्रयत्न पनि नभएको होइन । तर मूलभूत रुपमा बाहिरबाट हेर्दा भागवण्डा गर्न खोजिएको हो कि व्यक्तिगत टकराव हो कि भन्ने कुरा म पनि सुन्छु । तर त्यस्तो होइन । मूलभूत रुपमा हामीले दुईटा ठूला पार्टीहरुलाई जुन मान्यताका आधारमा एकीकरण गऱ्यौं, देशलाई अगाडि जसरी बढाउने गन्तव्यमा लैजाने जुन संकल्प गरेका थियौं त्योसँग सम्बन्धित समस्याहरु हुन् ।

**० पार्टीभित्रका विवादहरु समाधान गर्न अध्यक्षद्वय वा शीर्ष नेतृत्वहरु असमर्थ देखिनु भएका छन् ?**

– यो विषय केवल अध्यक्षद्वयसँग मात्रै सम्बन्धित छैन । हुन त देशको प्रधानमन्त्री पार्टीको अध्यक्षको तर्फबाट सबभन्दा महत्वपूर्णरुपमा जिम्मेवारीका साथ भूमिका हुनुपर्ने हो । तर हामीले गत स्थायी कमिटीबाट जेजति निर्णयहरु गरेका थियौं, जसरी पार्टीका आन्तरिक समस्याहरुलाई समाधान गर्ने, देश र जनताका सामु रहेका समस्या र चुनौतीहरु हामीले सामना गर्ने जुन संकल्प गरेका थियौं, तदनुकूल उहाँमा तत्परता देखिएन । त्यो कारण समस्या बल्झेको हो । अब यसमा दुवै जना अध्यक्ष सक्षम हुनुभएन भन्ने निष्कर्षमा त म जान्न । तर स्थायी कमिटीको निर्णयअनुरुप जसरी अध्यक्ष तथा प्रधानमन्त्रीबाट तत्परताका साथ उहाँमा जुन जिम्मेवारी छ, उहाँमा जुन शक्ति छ त्यसलाई राष्ट्र, जनता, पार्टीको सर्वोपरीलाई ध्यानमा राखेर उपयोग गर्नुपर्ने हो त्यो नभएको हुनाले समस्या बल्झेको छ ।

**० अहिले सतहमा आएको विवाद कति संवेदनशील छ ?**

– यो विवाद अत्यन्तै संवेदनशील छ । किनभने जुन बेला हामी कोरोनाबाट अत्यन्त आक्रान्त छौं, त्यसका केवल स्वास्थ्यसम्बन्धी चुनौतीहरु छैनन् । त्यसका आर्थिक, सामाजिक चुनौतीहरु पनि छन् । अहिलेसम्म शिक्षण संस्थाहरु राम्ररी चलेका छैनन् । देशको अर्थतन्त्रमा गम्भीर असर परेको छ । त्यसका साथसाथै हामी सबैको मनोविज्ञानमा समेत समग्र असर गरेको छ । यस्तो स्थितिमा यस्तो खालको मतभेद र विवाद हुने ? त्यसकारण यो विषयलाई समाधान गर्नुपर्छ भनेर नै दुवै अध्यक्षबाट निर्णय भयो, सचिवालयले त्यसलाई अनुमोदन गऱ्यो, त्यसपछि प्रतिवेदन तयार गऱ्यौं र कार्यदलको प्रतिवेदनको आधारमा स्थायी कमिटीले निर्णय गऱ्यो । स्वयम् प्रधानमन्त्री तथा अध्यक्ष केपी शर्मा ओलीजी र अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डजीले हस्ताक्षर गरेर निर्देशनको रुपमा पार्टीमा जारी पनि गर्नुभयो । तर त्यसलाई कार्यान्वयन गरिएन । कार्यान्वयन गर्ने कुरामा स्वयम् प्रधानमन्त्री तथा अध्यक्षज्यूबाट जुन उदासीनता देखाइयो त्यो कारणले यो समस्या उत्पन्न भएको छ । त्यसै कारणले अहिले हामी भनेका छौं अब पार्टीलाई विधि र प्रणालीबाट अगाडि बढाऔं । बैठकमा छलफल गरौं । आआफ्ना कुराहरु सत्य र तथ्यका आधारमा राखौं । अहिलेको संवेदनशील अवस्थामा मतभेदलाई अगाडि नबढाऔं ।

**० नेकपाभित्रको यो विवादले विभाजन निम्त्याउँछ त ?**

– राजनीतिक दलहरुभित्र विचार, दृष्टिकोण, शैलीका कुराहरु बेला-बेलामा उठ्छन् । विगतमा पनि हामीले यस्ता कुराहरुको सामना गर्दै आएका हौं । पार्टीमा विचार दृष्टिकोण राख्दैमा, पार्टीको बैठक हुनुपर्छ भन्दैमा विभाजन हुनुपर्ने कुनै पनि कारण छैन । त्यसकारण पार्टी विभाजन हुन्न भन्ने कुरामा म अझै पनि विश्वस्त छु । यदि प्रधानमन्त्रीले पार्टी विभाजन गर्न चाहनुभयो भने उहाँले अध्यक्ष वा प्रधानमन्त्रीभन्दा ठूलो पद के पाउनुहुन्छ । केन्द्रमा झण्डै दुई तिहाइको बहुमत, सात प्रदेशमध्ये ६ प्रदेशमा सरकार छ । साथीहरु ठूला-ठूला पदमा रहनुभएको छ । अनि पार्टीलाई विभाजन गरेर उहाँले के प्राप्त गर्नुहुन्छ ? फुट र विभाजन कुनै पनि हालतमा हुनु हुँदैन । त्यस्तो जसले गर्छन् उसले देश र जनताप्रति धोका दिन्छन् । स्वयम् प्रधानमन्त्री तथा हाम्रा अध्यक्ष केपी शर्मा ओलीले पार्टी विभाजन हुन दिन्न भनेर घोषणा गर्नुभएको छ । अर्का अध्यक्ष पुष्पकमल दाहालजीले पनि त्यस्तै भन्नुभएको छ । यदि कसैले फुट र विभाजनको कुरा गर्छ भने देश र जनताप्रति गद्दारी हुनेछ । जब हामी सबैको यस्तो धारणा छ भने पार्टी विभाजन हुनुपर्ने कुनै कारण देख्दिँन ।

**० तर विवाद जुन उत्कर्षमा पुगेको छ, त्यसले गर्दा आम कार्यकर्ताहरु विभाजन हुन्छ कि भन्ने सशंकित छन् नि ?**

– अन्तरबोध, विचारको तीव्रता, गहिराई र यसको व्यापकता हेर्दा पार्टीपंक्ति वा जनसमुदायमा कतै यो पार्टी विभाजन हुन्छ कि भन्ने आशंका हुने अवस्था अवश्य छ । तर, अन्तरविरोध र मतभेद हुँदा पार्टी विभाजन भइहाल्ने कुरा छैन ।

**० अर्का अध्यक्ष प्रचण्डको राजनीतिक प्रतिवेदनले त दुई अध्यक्षबीच झन् दूरी बढाएको छ । कसरी सहमति जुट्छ ?**

– मंसिर ३ गते भएको सचिवालयको बैठकबाट प्रधानमन्त्री तथा पार्टी अध्यक्षले समेत अब पार्टीमा मेरा धारणाहरु राख्छु र ती धारणामा छलफल गर्छु भन्नुभएको छ । जब दुई जना अध्यक्षहरुले आआफ्ना कुराहरु राख्नुहुन्छ, विषयहरु त्यहाँ आउँछन् र ती विषयहरुलाई स्थायी कमिटीका सदस्यहरुले हेर्नुहुन्छ । त्यसो भएपछि त संगठनका प्रणालीले नै त्यसलाई समाधान गर्नेतर्फ लैजान्छ । त्यसकारणले विचार राख्नु नै पार्टी फुट हुन्छ भन्ने कुरा गलत हो ।

**० प्रधानमन्त्री तथा अध्यक्ष केपी ओलीले पनि आफ्नो प्रतिवेदन ल्याउनु हुन्छ, त्यो प्रतिवेदनले विवाद समाधान हुने आशा छ ?**

– पार्टीको सचिवालय, स्थायी समिति वा केन्द्रीय सदस्यका कुनै पनि व्यक्ति जसमा अध्यक्ष पनि पर्नुहुन्छ, उहाँहरुले आफ्ना धारणाहरु लिखितरुपमा प्रस्तुत गर्नुहुन्छ भने त्यसमा आपत्तिको कुनै कुरा छैन । प्रधानमन्त्रीले पनि त्यो कुरा ल्याउनुभयो हामी पनि पढ्छौं, त्यसमा भएका राम्रा कुराहरु छन् भने त्यसलाई ग्रहण पनि गरौंला, खण्डन गर्नुपर्ने कुराहरु छन् भने खण्डन पनि गरौं । स्वाभाविक प्रक्रियाबाट अगाडि बढाउनुपर्ने हो । त्यसैले आफू अर्कालाई लेख्ने, अर्काले लेखे भने रिसाउने, यो मिल्दैन । आफूले बोल्ने, अरुले बोल्यो भने किन बोल्यो भनेर रिसाउने, त्यो पनि मिल्दैन । बैठक नगर्ने अनि राष्ट्र र जनताका जल्दाबल्दा समस्याका विषयमा बाहिर कोही बोल्यो भने किन बोल्यो भन्ने तर बोल्नका लागि बैठक आयोजना नगर्ने ? यी कुराहरु मिल्दैन ।



डा.भीम रावल

प्रतिनिधिसभा सदस्य तथा नेकपाका स्थायी समिति सदस्य

**० विवादहरु यसरी नै चलिरहँदा चैतमा एकताको महाधिवेशन हुने अवस्था छ ?**

– मुख्य कुरा राजनीतिक इच्छा शक्ति र तत्परताको कुरा हो । भारतमा कोरोनाको त्यत्रो संक्रमणका बीच बिहारको विधानसभा चुनाव भयो । संसारमा सबभन्दा बढी कोरोना महामारीबाट पीडित अमेरिकाले पनि चुनाव सम्पन्न गऱ्यो । अरु थुप्रै देशहरुमा चुनावहरु भएका छन् । मूलभूतरुपमा राष्ट्रिय महाधिवेशन गर्न बैठक लगायत सबै तयारीहरु गर्नका लागि वर्तमान प्रधानमन्त्री र अध्यक्ष तयार हुनुहुन्छ कि हुनुहुन्न । किनभने उहाँ सबभन्दा बढी जिम्मेवार भएको हुनाले यो प्रश्न उहाँप्रति नै तेर्सिन्छ । दुवै अध्यक्ष यदि तत्पर हुनुभयो भने हामी सबै त तत्पर नै छौं । त्यसैले चैतमा महाधिवेशन नहुने कुरै छैन । अधिवेशनमा रुचि नराख्ने, पार्टीका आन्तरिक तयारीहरु हेर्न नचाहने, पार्टीलाई गतिशील बनाएर अगाडि बढाउने कुरामा रुचि नराख्ने हो भने त चैतमा मात्रै होइन, अरु यस्ता १० वटा चैत आएपनि महाधिवेशन हुन सकिँदैन ।

# जसपाभित्र थुप्रै पावरहाउसहरू निर्माण गर्नु हुँदैन



डा.सुरेन्द्र झा

केन्द्रीय कार्यकारिणी समिति सदस्य

जनता समाजवादी पार्टी नेपाल

दुई अध्यक्षीय प्रणालीमा पार्टी अगाडि बढिसकेको खण्डमा अध्यक्षहरुलाई मजबुती दिने संगठनहरु निर्माण गर्नुपर्छ । मेरो विचारमा दुवै अध्यक्षमध्येबाटै संसदीय दलको नेताको जिम्मेवारी दिँदा अझ राम्रो हुने हो ।

**० जनता समाजवादी पार्टी नेपालको समायोजन प्रक्रिया कहाँसम्म पुग्यो ?**

– हामी अलिकति विषम् परिस्थितिमा पार्टी एकीकरण गऱ्यौं । कोभिड-१९ ले विश्व आक्रान्त भएकै अवस्थामा हाम्रो पार्टी एकीकरण भएको छ । त्यसैले बैठकहरु गर्न र नेता कार्यकर्ताहरुलाई परिचालन गर्न असहज परिस्थिति हुँदा हुँदै पनि हामीले केही काम गर्न सफल भएका छौं । हामीले केन्द्रीय कार्यकारिणी समिति गठन गरेर नै निर्वाचन आयोगमा पार्टी दर्ता गराएका छौं । केन्द्रीय समिति पनि गठन भइसकेको छ । अहिले विभिन्न विभागहरु गठन गरिसकेर नेतृत्व टुंगोमा पुऱ्याएका छौं । यो मंसिर मसान्तसम्ममा समायोजनको एक चरणको काम पूरा गर्ने निर्देशिका बनाएका छौं । त्यसमा प्रादेशिक कमिटीहरु, जिल्लास्तरीय समायोजन लगायत सबै काम मंसिरमा पूरा गर्ने उद्देश्य छ । त्यसअनुसार हामीले नेता कार्यकर्ताहरुलाई समायोजन निर्देशिका दिइसकेको अवस्था हो । सँगसँगै हरेक प्रदेशहरुमा केन्द्रीय नेतृत्वहरुलाई प्रभारीको रुपमा जिम्मा दिइएको छ ।

**० जसपाको समायोजन कहिलेसम्म पूरा हुन्छ त ?**

– हामीले मूलरुपमा हेर्दा राजपा र समाजवादी पार्टीबीच समायोजन जस्तो देखिन्छ । तर त्यहाँभित्र लगभग ११/१२ वटा पार्टी एक ठाउँमा आएका छन् । सबै कुराहरुलाई मिलाएर लैजानुपर्ने हुन्छ । भागवण्डाको आधारमा हामीले धेरै अगाडिसम्म लिएर गयौं भने पार्टी व्यवस्थित हुन सक्दैन । त्यसैले नेपालमा लोकतान्त्रिक वैकल्पिक शक्तिको रुपमा जनता समाजवादी पार्टीलाई उभ्याउने हामीले जुन लक्ष्य लिएका छौं । त्यो लक्ष्यलाई परिपूर्ति गर्नका लागि समायोजन प्रक्रियामा दक्षता, क्षमता, संघर्ष, सक्रियता यी सबै कुरालाई केन्द्रविन्दूमा राखेर हामी जानुपर्छ । पार्टीमा आवद्ध साधारण सदस्यदेखि लिएर केन्द्रीय अध्यक्षसम्म सबैको उत्तिकै भूमिका र महत्व छ । त्यसैले कसैले पनि आफूलाई बहिष्कृतको रुपमा नठानोस्, जसले गर्दा हामी अलिकति विस्तारै समायोजन प्रक्रियालाई अगाडि बढाएका छौं ताकि कुनै प्रकारका असन्तुष्टिहरु नदेखियोस् । यसको परिणाम सकारात्मक आउँछ ।

**० जसपामा पूर्वराजपाका नेताहरुले सक्षम र योग्यभन्दा पनि आफ्ना मान्छेहरुलाई बढी स्थान दिइयो भन्ने छ नि?**

– आफ्ना मान्छेहरुलाई बढी स्थान दिइयो भन्ने कुरा आंशिकरुपमा सत्य पनि हो । तर पूर्वराजपामा मात्रै होइन, समाजवादी पार्टीमा पनि तीनवटा धार छन् र हामीकहाँ ६ वटा धार थियो । धेरै पार्टीहरु मिलेर जनता समाजवादी पार्टी निर्माण गरेका छौं । यो यतिमै सीमित रहँदैन । संघीयतावादी र आमूल परिवर्तन खोज्न सक्ने सबै शक्तिहरुसँग सहकार्य हुन्छ । जनता समाजवादी पार्टी बनाउने हाम्रो जुन लक्ष्य छ, त्यो पूरा भइसक्यो । अब हामीले एकता महाधिवेशन तत्काल गर्नुपर्छ । पूरानै गुटउपगुटको ढंगले अगाडि बढ्दा पार्टीको लक्ष्यलाई ओझेलमा पार्छ र पार्टीले शक्ति पनि आर्जन गर्दैन । त्यसैले त्यसलाई निरुत्साहित नै गर्नुपर्छ । दुर्भाग्यवश आंशिकरुपमा भागवण्डाकै आधारमा कतै-कतै नातावाद, कृपावाद जस्ता कुराहरुले सक्षम, क्षमतावान धेरै साथीहरु प्रमुख अभिभारामा आइनसकेको अवस्था हो । यसलाई मिलाउँदै हामी अगाडि बढ्छौं ।

**० विगतमा दुईटै पार्टीले आफ्नो महाधिवेशन गर्न सकेन, जसपाले कहिलेसम्म महाधिवेशन गर्ने उद्देश्य लिएको छ ?**

– जनता समाजवादी पार्टीभित्र मूलरुपमा तीनवटा शक्तिहरु समाजवादी पार्टी, नयाँ शक्ति र राष्ट्रिय जनता पार्टी नेपाल रहेका छन् । यी तीनवटै पार्टीले विगतमा जुन ढंगले क्रियाकलापहरु अगाडि बढाए त्यसबाट पाठ सिकेर एक तहको असफलता भइसकेपश्चात् नै हामी एकीकरणको प्रक्रियामा अगाडि बढेका छौं । त्यसैले विगतमा भएका कमीकमजोरीलाई सुधार गर्छौं भनेर नै यो एकीकरण गरिएको हो । विगतमा जे कुरा भयो त्यहीं पुन: दोहोरिन्छ भन्ने कुरा होइन । यो दोहोरिन दिँदैनौं हामी । हाम्रो पार्टीको एकता महाधिवेशन छिट्टै गर्छौं । संवैधानिक हिसावले कानूनत: हामीले जुन समयसीमा पाएका छौं त्यसको धेरै नै समय बाँकी छ । तर हाम्रो उद्देश्य समायोजन प्रक्रिया सकिने बित्तिकै पार्टीलाई महाधिवेशनतर्फ अग्रसर गर्छौं । यी कामहरु हामी यदि समयमा सम्पन्न गर्न सक्यौं भने राष्ट्रिय राजनीतिमा राम्रो सन्देश पनि जान्छ । जनताको विश्वास हामीले जित्न सक्छौं । किनभने सत्तारुढ नेकपाले महाधिवेशनको मिति तोकिसकेर पनि गर्न सक्ने अवस्था छैन, कांग्रेसमा पनि लथालिङ्गको अवस्था छ ।

**० संघीय संसदको संसदीय दलका नेता राजेन्द्र महतोलाई दिने सहमति भएको हो भन्ने चर्चा छ, के हो वास्तविकता ?**

– संसदीय दलको नेता राजेन्द्र महतोलाई दिने त्यस्तो सहमति भएको कुरा हामीसँग आइपुगेको छैन । शीर्षस्थ नेतृत्वहरुको बीचमा यदि त्यस्तो सहमति भएको हो भने उहाँहरुलाई नै थाहा होला । नेता कार्यकर्तामाझमा यो कुरो छैन । हाम्रा पार्टीका संघीय संसदभित्र रहेका सबै माननीयज्यू त्यो पदका लागि योग्य हुनुहुन्छ । जसको नाममा सहमति हुन्छ, उहाँलाई संसदीय दलको नेता बनाइन्छ । अर्को कुरा पार्टीलाई दीर्घकालीनरुपमा अगाडि बढाउने हो भने पार्टीभित्र थुप्रै पावरहाउसहरु निर्माण गर्नु हुँदैन । थुप्रै पावरहाउसहरु बनाइयो भने पार्टीले निर्णय पनि गर्न सक्दैन, द्वन्द्व पनि हुन्छ । दुई अध्यक्षीय प्रणालीमा पार्टी अगाडि बढिसकेको खण्डमा अध्यक्षहरुलाई मजबुती दिने संगठनहरु निर्माण गर्नुपर्छ । मेरो विचारमा दुवै अध्यक्षमध्येबाटै संसदीय दलको नेताको जिम्मेवारी दिँदा अझ राम्रो हुने हो ।

**० तर भएको भद्र सहमति कार्यान्वयन भएन भने पार्टीभित्र फेरि समस्या उत्पन्न हुँदैन ?**

– त्यस्तो सहमति भएको हामीलाई थाहा छैन । यदि सहमति भएको छ भने कुरा सकिगो नि । त्यसो भए माननीय राजेन्द्र महतोजी संसदीय दलको नेता बन्नुहुन्छ, उहाँ हाम्रो नेता पनि हो । यो समस्याको कुरै होइन ।

**० प्रदेश २ को सरकारप्रति आफ्नै पार्टीका सांसदहरु असन्तुष्ट हुनुहुन्छ, सबै परिवर्तन गर्नुपर्ने माग उठिरहेको छ । पार्टीभित्र यसबारे के भइरहेको छ ?**

– हाम्रो पार्टीमा विमती छैन, लोकतान्त्रिक पार्टीमा विचारको प्रष्ट ढंगले आदान प्रदान हुन्छ । हाम्रा पार्टीका प्रादेशिक सांसदहरुले प्रदेश सरकारले आफ्नो काम अझै प्रभावकारी ढंगले गर्न सकिन्छ भन्ने ढंगले सुझाव, सल्लाह र दबाब दिनुभएको हो । त्यो सहज प्रक्रिया हो । यसलाई असन्तुष्टि वा विरोधाभाष भनेर बुझ्नु हुँदैन । जो साथीहरुले यी कुराहरु उठान गर्नुभएको छ, उहाँहरुले पार्टीको हितका लागि आफ्नो सहकर्मी साथीहरुको काम अझ राम्रो होस् भनेर सकारात्मक आलोचना गर्नुभएको छ । हामी छापामार शैलीको पार्टी होइन, हामी कम्युनिष्ट पार्टी जस्तो पनि होइन । आलोचना हुने बित्तिकै नेतृत्वमाथि धावा बोल्ने, सफाया गर्नुपर्छ भन्ने जनता समाजवादी पार्टी होइन । यो लोकतान्त्रिक पार्टी हो, यसलाई सामान्यरुपले हामी बुझेका छौं । जहाँसम्म नेतृत्व परिवर्तनको कुरा छ, प्रदेश २ को मन्त्रिपरिषद् पुनर्गठन गर्नैपर्छ । किनभने अहिले प्रदेश २ मा हाम्रो दुईटा संसदीय दल छ, त्यसलाई एउटा बनाउनुपर्ने छ । अहिलेकै मुख्यमन्त्रीमा यदि सहमति भयो भने कुरै सकियो । सहमति भएन भने लोकतान्त्रिक पद्दतिबाट नेता चुनिन्छ र उहाँको नेतृत्वमा सरकार पुनर्गठन हुने हो ।

**० प्रदेश २ मा केही समयदेखि श्रृंखलाबद्धरुपमा दलितहरुको हत्या हुँदै आएको छ । प्रदेशको शान्तिसुरक्षा खलबलिएको छ । यस विषयमा प्रदेश सरकारको भूमिका प्रभावकारी किन देखिएको छैन ?**

– प्रदेश २ मा दुर्भाग्यपूर्ण अवस्था छ । प्रदेश २ मा दलितको जनसंख्या निर्णायक छ । दलित तथा अलग-थलग पारिएका समुदायलाई नै मूल प्रवाहमा ल्याउन हामीले संघर्ष गरेका हौं । लकडाउनको अवधिमा १० जनाभन्दा बढी दलितहरुको हत्या प्रहरी हिरासतमा भएको छ, बलात्कारका घटनाहरु पनि धेरै भएका छन् । यो अत्यन्तै दु:खद र निन्दनीय घटना हो । खासगरी प्रदेश २ को प्रहरी प्रदेश सरकार मातहत छैन । प्रादेशिक सरकारका निर्णयहरु मान्न प्रहरीको मानसिकता पनि देखिँदैन । त्यसैले प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्रीले चाहेर पनि धेरै कुराहरु गर्न सकिरहनुभएको छैन । मधेशमा जुनसुकै स-सानो प्रदर्शन भयो भने सुरक्षाकर्मी बढी बल प्रयोग गर्छन् । बर्दिवासकै ताजा घटनालाई हेरौं, प्रहरीले टाउको र छातीमा गोली ठोकेको छ । एउटा बलात्कारीलाई कारबाही गर भनेर आन्दोलन गर्दा एउटा निर्दोष नागरिकलाई टाउको र छातीमा गोली ठोकेर हत्या नै गरिएको छ । बारा जिल्लामा एउटा सामान्य घटनामा प्रदर्शन हुँदा टाउको र छातीमा गोली ठोकिने गरेको छ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# कुनै पनि प्रकारको लैंगिक हिंसा तथा विभेदलाई सरकारले किञ्चित सहने गरेको छैन



लैङ्गिक हिंसा विरुद्धको अभियान सफलताका लागि सर्वप्रथम सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु। यस अभियानमा आ-आफ्नो स्थानबाट सक्रिय रहन म सबैमा हार्दिक आह्वान गर्दछु।

विश्वव्यापी रुपमा सन् १९९१ देखि प्रत्येक बर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० तारिक सम्म लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको रूपमा मनाउँदै आएको सन्दर्भमा नेपालमा पनि विविध कार्यक्रमहरूको आयोजना गरी अभियान दिवस मनाइने गरेको सबैमा विदितै छ। यसबर्ष संयुक्त राष्ट्र संघले लैगिंक हिंसा विरुद्धको १६ दिने अभियानको अन्तर्राष्ट्रिय नारा **Orange the World : Fund, Respond, Prevent, Collect** तय गरेको छ। नेपालमा हामी **'लैङ्गिक हिंसा अन्त्यको प्रतिवद्धता: व्यक्ति समाज र सबैको ऐक्यवद्धता'** भन्ने राष्ट्रिय नाराका साथ लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान आजदेखि मनाउँदै छौं। यस वर्ष कोभिड १९ को महामारीका कारण भौतिक रूपमा कार्यक्रम सञ्चालन गर्न सम्भव नभए पनि प्रविधिको माध्यमबाट आ-आफ्नो स्थानबाट सुरक्षित रहँदै विभिन्न कार्यक्रमहरू सहित १६ दिने अभियानलाई सार्थक बनाउन म सबैमा आग्रह गर्दछु। साथै देशब्यापी रुपमा लैङ्गिक हिंसा विरूद्धको अभियानमा निरन्तर रुपमा लाग्नु भएका सरकारी निकाय, राजनीतिकर्मी, नागरिक सामाज, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू लगायत सम्पूर्णको प्रयासको प्रशंसा गर्दै हार्दिक धन्यवाद दिन चाहान्छु। कुरीति, पछौटेपन, अशिक्षा, अन्धविश्वास र कतिपय हानिकारक अभ्यासहरूका कारण समाजमा देखिने लैङ्गिक हिंसाको पूर्णरुपमा अन्त्य गर्न हामी सबैमा थप ऊर्जा मिलोस् भन्ने समेत यस अवसरमा कामना गर्दछु।

हामीले व्यक्ति, समाज र सिंगो राष्ट्रलाई लैङ्गिक हिंसाको नकारात्मक प्रभावबाट बचाउँदै सभ्य र सुसंस्कारयुक्त जगमा उभ्याउनु पर्ने छ। कतिपय गलत अभ्यास र दुःखद् घटनाका कारण बन्ने नकारात्मक छविप्रति सजग हुँदै हिंसाका सबै कारकतत्वहरूलाई निर्मूल पार्नुपर्ने छ। यस अभियानको उद्देश्य लैङ्गिकताका आधारमा हुने सबै प्रकारका हिंसा, विभेद, कुरीति, अन्धविश्वास अपराध, वहिष्करण र बञ्चितिकरणलाई अन्त्य गर्दै महिला र पुरुष वीच हुने गरेका सबै किसिमका विभेद र असमानता हटाउनु हो। बालबालिका, किशोरी, वयस्क,वृद्धा, महिला र सबै लिङ्गका मानिसहरुलाई विना भेदभाव सम्मानित जीवनयापन गर्न सक्षम तुल्याउनु हो। यो अभियान लैगिंक हिंसारहित, समतामूलक समाज निर्माण गर्न कोशेढुंगा सावित हुने विश्वास लिएको छु। तसर्थ कुनै पनि प्रकारको लैङ्गिक हिंसाको समूल अन्त्य गर्ने अभिप्रायकासाथ लैङ्गिक हिंसा पीडितको मानव अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि सम्वेदनशील र अग्रसर हुन म हरेक व्यक्ति, परिवार, समाज र सम्बन्धित सबै निकायहरूलाई आह्वान गर्दछु।

नेपालको संविधानले लैङ्गिक लगायत सम्पूर्ण क्षेत्रमा समानताको सिद्धान्त आत्मसात गरेको छ। सरकारले महिला बिरुद्ध हुने सबै किसिमका हिंसामा शून्य सहनशीलताको नीति अवलम्बन गरेको छ। सरकारले हिंसा पीडितलाई क्षतिपूर्तिको व्यवस्था, शिक्षा, स्वस्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्ने व्यवस्था गरेको छ। संविधानको धारा ३८ मा मौलिक हक अन्तर्गत महिलालाई लैंगिक भेदभावरहित समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, पीडितलाई क्षतिपूर्ति पाउने हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक, सकारात्मक विभेदका आधारमा विशेष अवसर पाउने हक र दम्पतीको समान हकको प्रत्याभूत गरेको छ। सरकारले संविधानको यस व्यवस्थालाई प्रचलनमा ल्याउन कानुनी र नीतिगत प्रबन्ध गरेको छ।

महिलाको मानवअधिकार र महिला अधिकारका लागि निर्मित अन्तर्राष्ट्रिय महासन्धि र दस्तावेजहरू विशेष गरी मानव अधिकारको विश्वव्यापी घोषणापत्र- १९४८, राजनीतिक तथा नागरिक अधिकार सम्बन्धी अनुबन्ध- १९६६ एवं आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध- १९६६ र महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, १९७९ को नेपाल पक्ष राष्ट्र हो। यस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूले सिर्जना गरेका दायित्वलाई कार्यान्वयन गर्दै महिला केन्द्रित नीति, कानून, योजना, संरचना तथा कार्यक्रम सरकारले बनाएको छ। राज्यसँग उपलब्ध स्रोत र साधनको अधिकतम प्रयोग गरी महिलाहरूको जीवनस्तर माथि उठाइ समृद्ध समाज निर्माण र महिलाहरूको हक अधिकार सुरक्षित गर्न सरकार अग्रसर छ। कुनै पनि प्रकारको लैङ्गक हिंसा तथा विभेदलाई सरकारले किञ्चित सहने गरेको छैन।

समानता र न्याय हाम्रो प्रतिवद्धता मात्र होइन, निष्ठा हो। हाम्रो यसै निष्ठापूर्ण अग्रसरता स्वरुप राष्ट्रिय लैङ्गिक समानता नीतिको मस्यौदा मन्त्रिपरिषद्बाट पारित हुने क्रममा छ। तेजाव आक्रमणबाट पीडितहरुलाई उपचार, क्षतिपूर्ति र जीविकोपार्जन तथा पीडकलाई थप सजायको व्यबस्था सहितको अध्यादेश जारी गरिएको छ। यस्तै बलात्कारजस्ता गम्भीर आपराधिक घटनामा मेलमिलाप गराउनेलाई पनि कानुनी कारवाही हुने व्यबस्था गरिएको छ। लैङ्गिक समानता र हिंसामा परेकाहरुको न्यायका लागि हामीले गरेको सार्थक प्रयास स्वरुप लैङ्गिक हिंसा विरुद्ध कानूनी कारवाहीको लागि घरेलु हिंसा (कसूर र सजाय) ऐन, घरेलु हिंसा ( कसूर र सजाय) नियमावली, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, बोक्सीको आरोप (कसूर तथा सजाय)ऐन, लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचारसंहिता २०७४, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, कार्यान्वयनमा रहेका छन्। मानव बेचबिखन तथा विभिन्न कारणले हिंसामा परेकाहरूको लागि विभिन्न संघसंस्थाहरूको सहयोग र समन्वयमा राहत, पूनर्स्थापना, कानूनी सहायता, स्वास्थ्य उपचार, मनोसामाजिक विमर्श सेवा, परिवार र समाजमा पूनर्मिलन गर्ने गरिएको छ। यसकालागि विभिन्न संघसंस्थाहरु मार्फत अल्पकालीन तथा दीर्घकालीन पूनर्स्थापना केन्द्रहरू सञ्चालित छन्।

लैङ्गिक समानता र महिला अधिकारका क्षेत्रमा संविधान कार्यान्वयनको चरणमा हामीले उल्लेखनीय उपलब्धि हासिल गरेका छौं। सन् २०१७ मा सम्पन्न तीन तहको निर्वाचनद्वारा १४,६०० भन्दा बढी महिलाहरु विभिन्न तहमा निर्वाचित भएका छन्। राजनैतिक संरचनामा महिलाको सहभागिता स्थानीय तहमा ४१ प्रतिशत, प्रदेशमा ३४ दशमलव ५ प्रतिशत र संघमा ३३ दशमलव ५ प्रतिशत पुगेको छ। हाम्रो उपलब्धि दक्षिण एसिया तथा विश्वकै विकसित मुलुकका लागि समेत प्रेरणादायी रहेको छ। हाम्रो मुलुकमा विभिन्न विधा र फाँटहरुमा महिलाहरुले सफल नेतृत्व गरिरहेका छन्। उनीहरु परिवर्तनका संवाहक बनेका छन्। यति हुँदाहुँदै पनि लैङ्गिक हिंसाका घटनाहरु आशातीत रुपमा न्यूनीकरण हुन सकेको छैन। कानूनी प्रवन्धले मात्र हामी यस्ता हिंसाका घटनालाई अन्त्य गर्न सक्दैनौं। व्यक्तिको अन्तरचेतनामा विवेक पैदा गर्न सामाजिक अभियान नै आवश्यक पर्दछ। तसर्थ लैंगिक हिंसा पीडितको मानव अधिकार संरक्षण गर्न र लैंगिक हिंसा अन्त्य गर्न म सम्पूर्ण व्यक्ति, परिवार, समाज र सम्बन्धित सबै निकायलाई संबेदनशील हुन आग्रह गर्दछु।

सोचमा रहेको लैंगिक असंवेदनशीलता र गरिवीका कारण हाम्रा अवोध छोरी, दिदी, बहिनी, वुहारी, आमाहरूमाथि अहिले पनि छाउको नाममा छुवाछुत, बेचबिखन, श्रम शोषण, बोक्सीको आरोप, यौनजन्य दुर्व्यवहार, बलात्कार, हत्या, एसिड आक्रमण लगायतका जघन्य अपराधहरु भएका छन्।यस्ता हिंसाहरु मानव सभ्यताका लागि कलङ्क हुन्, सभ्य, लोकतान्त्रिक र सम्मानजनक जीवन जिउन पाउने मानव अधिकारकावाधा हुन्। देशको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक समानताका बाधक हुन्। सामाजिक अन्धविश्वासको आड लिएर हुने यस्ता हिंसा विरुद्ध राज्य र समाज दुवै तहमा सार्थक अभियान चलाइनु पर्छ। 'समृद्ध नेपाल-सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षाको पूर्णताका लागि लैंगिक हिंसाको समूल अन्त्य हुनु पर्दछ।

संघीय संरचना अनुसार तीनै तहका सरकारमा लैङ्गिक हिंसा विरूद्धका कानूनी तथा संस्थागत व्यवस्थालाई आन्तरिकीकरण र संस्थागत गरी संवेदनशील र महत्वका साथ अगाडी बढाउनयस अभियानको सन्दर्भमा म सबैलाई आग्रह गर्दछु। साथै कोभिडको यस महामारीको असर र प्रभावले गर्दा यस्ता थप हिंसाका घटनाहरु हुन सक्ने सम्भावना रहेकाले त्यसतर्फ समेत सजग हुँदै लैङ्गिक हिंसा अन्त्य गर्ने सरकारको यस अभियानमा राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरू, नागरिक समाज, राजनीतिककर्मी, अभियन्ताहरू, संचारकर्मी, ब्यक्ति, परिवार र समाज सबैको ऐक्यवद्धताको लागि आग्रह गर्दछु।

अन्त्यमा, लैङ्गिक हिंसा विरुद्धको १६ दिने यस अभियानको अवसरमा सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

*(लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको सन्दर्भमा प्रधानमन्त्री केपी शर्मा ओलीले दिएको सन्देश)*

# राप्रपा संयुक्तको जिल्ला अध्यक्षसहित ५४ नेता कांग्रेसमा प्रवेश

मणि प्रसाद गैहे

कपिलवस्तु। राप्रपा संयुक्तका जिल्ला अध्यक्ष राम आशिष पाण्डेयसहित ५४ जना नेता कार्यकर्ता नेपाली कांग्रेसमा प्रवेश गरेका छन्। मुलुक अत्यन्तै कठिन परिस्थितिबाट गुज्रिरहेका बेला आफ्ना पार्टीका केन्द्रीय नेताहरुले कुनै ठोस कदम चाल्न नसकेको भन्दै देशमा निकास र लोकतन्त्रको रक्षाका लागि भन्दै राप्रपा संयुक्तको जिल्ला कार्य समितिका पदाधिकारी र सदस्यसहित ५४ जना नै पार्टी परित्याग गरी कांग्रेसमा प्रवेश गरेका हुन्।



जिल्ला अध्यक्षसहित जिल्ला समितिका पदाधिकारी र जिल्लास्तरीय नेता प्रवेश गरेको र अन्य तह र तप्काका सबै सदस्यहरु पनि स्वतः पार्टीमा प्रवेश गरेका अध्यक्ष पाण्डेयले बताए।

नेपाली कांग्रेस कपिलवस्तुको तौलिहवास्थित पार्टीका कार्यालयमा आयोजित पार्टी प्रवेश कार्यक्रममा राप्रपा संयुक्त परित्याग गरी प्रबेश गरेका ५४ जनालाई नै पार्टीका केन्द्रीय सदस्य तथा सांसद अतहर कमाल, कांग्रेसका वैकल्पिक केन्द्रीय सदस्य तथा सांसद अभिषेक प्रताप शाह, राजेश सिंह, पार्टी जिल्ला सभापति सुरेन्द्रराज आचार्य लगायतले उनीहरुलाई खादा ओढाई अबिर लगाएर पार्टी प्रवेश गराएका थिए।

कार्यक्रममा नै उनीहरुलाई पार्टीको साधारण सदस्यता समेत प्रदान गरिएको थियो। रापपा संयुक्तका पार्टी उपाध्यक्ष साजिद अली, सचिव तारा प्रसाद मिश्रा, सहसचिव राधेश्याम यादव, कोषाध्यक्ष काशिराम यादव, प्रवक्ता अर्थ बहादुर बिष्ट लगायतले कांग्रेस प्रवेश गरेका थिए।

सो अवसरमा पार्टीका केन्द्रीय सदस्य अतहर कमालले नेकपाको दुई तिहाई सरकारबाट जनता आक्रान्त भएका बेला राप्रपा संयुक्त नेताहरु कांग्रेसमा प्रवेश गरे पछि पार्टी झन् सशक्तरुपम अघि बढने बताए। उनले अब लोकतन्त्रको रक्षा र जनताको सवालमा सबै मिलेर सशक्तरुमा अघि बढ्नु पर्ने बताए। कांग्रेस केन्द्रीय आमन्त्रित सदस्य अभिषेक प्रताप शाहले राप्रपा संयुक्तका नेताहरुले कांग्रेसमा प्रवेश गरेर ठीक निर्णय लिएको बताए।

सो अवसरमा कांग्रेस केन्द्रिय आमन्त्रित सदस्य तथा राप्रपा संयुक्तका पुर्व केन्द्रिय सदस्य राजेश सिंहले जन सवालमा बर्तमान सरकार पुर्णतय असफल भएको र सरकारले हरेक क्षेत्रमा हस्क्षेप गरी मुलुकलाई नै बर्वाद गर्न खोजेका बेला त्यस बिरुद्ध आवाज बुलन्द गर्न कांग्रेसमा प्रबेश गरेको उनले बताए।

सो अवसरमा कांग्रेसका जिल्ला सभापति सुरेन्द्रराज आचार्यले नव आगन्तुक पार्टी सदस्यहरुलाई उचित स्थान दिइने बताए। पार्टी सभापति सरेन्द्र आचार्यको अध्यक्षता, बिरेन्द्र मिश्राको संचालनमा भएको कार्यक्रममा पार्टीका पूर्व जिल्ला सभापति राजेश आचार्य सुधाकर पाण्डेय लगायतले मन्तब्य दिएका थिए।

## मधेश अपडेट

### आगलागीपीडितको घर बनाइदिने घोषणा

रौतहट। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता तथा रौतहट क्षेत्र नम्बर ३ का सांसद प्रभु साहले देवाही गोनाही नगरपालिकामा आगलागीबाट जलेर नष्ट भएका दलितहरूको घर पक्की निर्माण गराउने घोषणा गरेका छन्। देवाही गोनाही नगरपालिका-७, गोनाहीको दलित वस्तीमा भीषण आगलागी हुँदा ७ घर जलेर नष्ट भएको थियो भने २० लाखभन्दा बढीको क्षति भएको थियो। सोमबार सांसद प्रभु साहले पठाएको राहत लिएर गएका जनप्रतिनिधि तथा नेताहरुको टोलीले सांसद साहको संदेश सुनाउदै ७ वटै दलित परिवारलाई पक्की घर बनाउने घोषणा गरे। उनीहरुले सांसद साहको तर्फबाट राहत स्वरुप ग्यास सिलिन्डर तथा चुल्हो, २५ किलोको एकरएक बोरा चामल, ५ किलो दाल तथा प्रति घर एकरएक हजार रुपैयाँ पीडितलाई हस्तान्तरण गरेका छन्। सांसद साहका स्वकीय सचिव विजय यादवसहित घटनास्थलमा संघीय सांसद समिना हुसेन, प्रदेश सांसद कुन्दन कुश्वाहा, देवाही गोनाहीका नगर उपप्रमुख परनिया देवी, मेयर प्रत्यासी प्रेमलाल साह एवम् धर्मेन्द्र पटेललगायतका नेताहरु घटनास्थल पुगेर राहत वितरण गरेका थिए।

### मुकेश हत्या घटनाका मुख्य अभियुक्त पक्राउ

वीरगञ्ज। नेपाल कम्युनिस्ट पार्टी (नेकपा) पर्साका जिल्ला सदस्य मुकेश चौरसियाको हत्याका संलग्न मुख्य अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ। चौरसियाको हत्यामा संलग्न मुख्य अभियुक्त पर्सा बिन्दवासिनी गाउँपालिका ३ ईटियाही बस्ने ३८ वर्षका अखिलेशप्रसाद चौरसिया भनिने अशेसरप्रसाद चौरसियालाई प्रहरीले पक्राउ गरेको हो। घटना पश्चात फरार रहँदै आएका चौरसियालाई प्रहरीले वीरगञ्ज २५ स्थित अलौ सिर्सियाबाट पक्राउ गरेको हो। पक्राउ परेका चौरसियालाइ प्रहरी हिरासतमा राखी थप अनुसन्धान भइरहेको पर्साकी प्रहरी उपरीक्षक गंगा पन्तले जानकारी दिइन्। गएको कात्तिक ६ गते मुकेश चौरसिया बिन्दवासिनी गाउँपालिकाको प्रसौनीमा नेकपा बिन्दवासिनी गाउँपालिका कमिटिको शपथ ग्रहण कार्यक्रममा भएको झडपमा परि गम्भीर घाइते भएका थिए। टाउकोमा गम्भीर चोट लागेका उनको कात्तिक ७ गते उपचारको क्रममा वीरगञ्जमा मृत्यु भएको थियो। घटनामा संलगन रहेको आरोपमा संविधानसभाका तत्कालीन सदस्य एवं नेकपा नेता राजकुमार गुप्तासहित १२ जना विरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता भएको छ। अखिलेशप्रसाद चौरसियासहित हालसम्म चारजनालाई मात्रै प्रहरीले पक्राउ गर्न सकेको छ। संविधान सभा सदस्य गुप्ता सहित ८ जना आरोपित अहिले पनि फरार छन्।

### गर्भवतीसँग नगर उपप्रमुख कार्यक्रम

रुपन्देही। तिलोत्तमा नगरपालिकाले मातृशिशु स्वास्थ्य प्रवर्द्धनको लागि 'गर्भवतीसँग नगर उपप्रमुख कार्यक्रम' सञ्चालन गरेको छ। नगरपालिकाले गत वर्षबाट शुरु गरेको कार्यक्रमलाई थप प्रभावकारी बनाउन परिमार्जनसहित चालू आर्थिक वर्ष २०७७/७८ मा निरन्तरता दिएको हो। परिमार्जित कार्यक्रमअनुसार गर्भावस्थामा नियमित चार पटक सरकारी स्वास्थ्य संस्थामा गर्भ जाँच गराउने महिलालाई विभिन्न 'उपहार' दिने व्यवस्था मिलाइएको छ। सोअनुसार गर्भवतीले चार महिनामा स्वास्थ्य जाँच गराउँदा सुपानेट झुलसहित सन्देशमूलक क्यालेण्डर, ६ महिनामा पोषण सेट, आठ महिनामा सरसफाइ सेट र नौ महिनामा मसला सेट प्राप्त गर्नेछन्। यस्तै नगरका बर्थिङ सेन्टरमा सुत्केरी सेवा लिनेले शिशु-स्याहार सेट तथा सङ्घीय सरकारले उपलब्ध गराउने यातायात रकमको अतिरिक्त थप एक हजार रुपैयाँ प्रोत्साहन रकम प्राप्त गर्नेछन्। यस्तै नगरपालिकाले सङ्घीय सरकारबाट प्राप्त हुने आइरन चक्कीसँगै आन्तरिक स्रोतबाट व्यवस्थापन गरेर गर्भवतीलाई निःशुल्क रुपमा क्यालसियम समेत दिने गरेको छ। गर्भावस्था विशेष अवस्था भएकोले यो समयमा महिलालाई अतिरिक्त स्वास्थ्य सेवा, पोषण, स्याहार र सरसफाइ आवश्यक हुने हुँदा त्यसको सन्देश प्रवाहको लागि यो कार्यक्रम शुरु गरिएको नगर उपप्रमुख जगेश्वरदेवी चौधरीले जानकारी दिइन्। यो कार्यक्रमले गर्भवती महिलाको स्वास्थ्यमा विशेष ख्याल राख्न सबैको ध्यानाकर्षण गराउने र त्यसबाट गर्भवती महिला र नवजात शिशुको स्वास्थ्य राम्रो हुने उनको विश्वास छ। कार्यक्रमको प्रभावकारी कार्यान्वयनले नियमित गर्भजाँच गराउन सरकारी स्वास्थ्य संस्थामा जाने महिलाको सङ्ख्यामा वृद्धि भई मातृशिशु स्वास्थ्य प्रवर्द्धनमा टेवा मिल्ने उनले बताइन्। नगरपालिकामा वार्षिक तीन हजार महिलाले गर्भवती सेवा लिने अनुमान छ। यो कार्यक्रमले सरकारी स्वास्थ्य संस्थाप्रतिको आकर्षण बढाउने नगरपालिकाको भनाइ छ। तिलोत्तमा नगरपालिकाले 'गर्भवतीसँग नगर उपप्रमुख कार्यक्रम' कार्यक्रम नगरका सबै सरकारी स्वास्थ्य संस्थाबाट उपलब्ध हुने जनाएको छ। सबै वडामा कम्तीमा एउटा सरकारी स्वास्थ्य संस्था पुऱ्याउने नीतिअनुसार हाल तिलोत्तमाका १४ वडामा सरकारी स्वास्थ्य संस्था पुगेका छन्। नगरपालिकाको मधबलिया स्वास्थ्यचौकीमा गर्भवतीलाई उपहार प्रदान गरी कार्यक्रमको शुभारम्भ गरिएको छ।

### चाडबाडलक्षित सुपथ मूल्य पसल बन्द

कैलाली। चाडपर्वलाई लक्षित गर्दै कैलालीमा सञ्चालनमा आएको सुपथ मूल्य पसल शनिबारदेखि बन्द भएको छ। कैलालीमा असोज १५ गतेदेखि सुपथ मूल्य पसल सञ्चालन गरिएको थियो। स्थानीयले भने सुपथ मूल्य पसललाई चाडपर्वमा मात्र केन्द्रित नगरी अन्य समयमा पनि सञ्चालन गरिनुपर्ने माग गरेका छन्। कैलालीको धनगढी र अत्तरियामा दसैं, तिहार र छठ पर्वलाई लक्षित गर्दै सञ्चालनमा आएका सुपथ मूल्य पसल बन्द भएका छन्। पसल सञ्चालनको अन्तिम दिन शनिबार पनि उपभोक्ताको बाक्लो भिड लागेको थियो। असोज १५ गतेदेखि सञ्चालनमा आएको सुपथ मूल्य पसलबाट एक करोड रुपैयाँभन्दा बढीको कारोबार भएको साल्ट ट्रेडिङ कर्पोरेसन धनगढी शाखाले बताएको छ। चाडपर्वको समयमा सुपथ मूल्य पसलबाट ४० हजार बढी उपभोक्ताले लाभ लिएका छन्। शनिबारदेखि सुपथ मूल्य पसल बन्द हुने भएपछि स्थानीयहरु सामान खरिद गर्न लामो लाइनमा बसेका देखिन्थे। अन्य पसलमा भन्दा सस्तोमा खाद्य वस्तु उपलब्ध हुने भएकाले यो पसल चाडपर्वको समयमा मात्र नभएर सधैंका लागि सञ्चालन गरिनुपर्ने माग उनीहरुको छ। यस वर्ष सुदूरपश्चिमको धनगढी र अत्तरियामा मात्रै सुपथ मूल्य पसल सञ्चालनमा आएको थियो। सुपथ मूल्य पसललाई अब भने स्थायी बिक्री केन्द्रका रूपमा राख्ने योजनाअनुसार काम भइराखेको साल्ट ट्रेडिङ कर्पोरेसनले बताएको छ।

### मुख्यमन्त्रीद्वारा सौन्दर्यीकरणको स्थलगत निरीक्षण

जनकपुरधाम। मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले 'मुख्यमन्त्री स्वच्छता अभियान' अन्तर्गत जानकी मन्दिर परिसरमा जारी सौन्दर्यीकरण योजनाको स्थलगत निरीक्षण अवलोकन गरेका छन्। प्रमुख सचिव अर्जुन पोखरेल सहितको टोली लिएर जानकी मन्दिर परिसर पुग्नु भएको मुख्यमन्त्री राउतले जारी सौन्दर्यीकरण योजनाको कार्य प्रगतिबारे जानकारी समेत लिएका छन्। उनले सौन्दर्यीकरण सम्बन्धी निर्माण कार्य विवाहपञ्चमी महोत्सब अगावै पुरा गर्न निर्माण व्यवसायीलाई निर्देशन समेत दिएका हुन्। निरीक्षण टोलीमा मुख्यन्यायधिवक्ता दिपेन्द्र झा, मुख्यमन्त्री तथा मन्त्री परिषद कार्यालयका सचिव यम भुषाल, डिभिजिनल इन्जिनियर भगवान झा सहितको सहभागिता रहेको थियो।

### अधिवेशनको सुरसार छैन

धनगढी। सुदूरपश्चिम प्रदेश सभाको छैटौं हिउँदे अधिवेशन सम्पन्न भएको चार महिना पुगे पनि विद्येयक दर्ता नहुँदा प्रदेश सभा सञ्चालन हुन नसकेको हो। गएको साउन ३१ गते छैटौं अर्थात् बर्खे अधिवेशन सम्पन्न भएको थियो। कोरोना महामारीकै बीच छैटौं अधिवेशन सम्पन्न गरिए पनि हिउँदे अधिवेशनको अझै सुरसार छैन। तत्काल प्रदेश सभा सञ्चालनको सम्भावना नरहेको सभामुख अर्जुनबहादुर थापाले बताउनुभयो। दुई जना मन्त्रीलाई कोरोना सङ्क्रमण भएकाले तत्काल प्रदेश सभा सञ्चालनको सम्भावना छैन, उहाँले भन्नुभयो, सम्भवतः मङ्सिरको अन्तिमतिर सभा सञ्चालन हुन सक्छ। तर, यो पनि मेरो अनुमान मात्रै हो।

### जोखिम भत्ता पाएन स्वास्थ्यकर्मी

कपिलवस्तु। कोरोनाका बेला सरकारले स्वास्थ्यकर्मीको मनोवल उच्च बनाउनका लागि घोषणा गरेको जोखिम भत्ता अहिलेसम्म पाउन सकेका छैनन्। बाँकेको भेरी अस्पतालकी नर्सिङ निरीक्षक सन्जु रिजाल खजुरास्थित कोरोना विशेष अस्पतालमा काम गर्दा २२ दिन परिवारबाट टाढिइन्। कोरोनाका कारण आफन्त त्रसित थिए। उनी हिम्मत जुटाएर संक्रमितको सेवामा लागेकी थिइन्। स्वास्थ्यकर्मीको आत्मबल बढाउन सरकारले प्रोत्साहन (जोखिम) भत्ता दिने कुराले हौसला बढेको थियो तर अहिले उनी ठीक उल्टो अनुभूति गर्दै छन्। भत्ता पाउँ भन्दै भेरीका स्वास्थ्यकर्मीले प्रशासनसमक्ष अनुरोध पत्र बुझाए पनि सुनवाइ भएको छैन।

# निधिको उम्मेद्वारीले कांग्रेसभित्र सकारात्मक बहस



**बजरंग नेपाली**

कांग्रेसको १४औं महाधिवेशनलाई आन्तरिक विवादभन्दा पनि मूलत: कोभिडले नै प्रभावित गरेको हो । यस्तो अवस्थामा महाधिवेशनमा कसरी जाने वा नजाने भन्ने विषयमा नेताहरु अलि द्विविधाग्रस्त नै छन् । आन्तरिक कुरा भन्नुपर्दा कतिपय जिल्लाहरुमा समायोजन पनि भएको छैन । महाधिवेशनका सम्पूर्ण कुराहरु अवरुद्ध हुने कारण कोभिड नै हो । अस्ति केन्द्रीय समितिको बैठकबाट द्विविधाग्रस्त अवस्थामा भए पनि फेरि नयाँ क्यालेन्डर आएको छ । सो क्यालेन्डरमा हामीले मंसिरभित्र क्रियाशील सदस्यताको काम अगाडि बढाउनुपर्छ । पहाड र हिमालका जिल्लाहरुमा अहिले चिसो बढेको छ र तराई-मधेशको जिल्लाहरुमा पनि आफ्नै किसिमको समस्याहरु भएको हुनाले प्रयास भइरहेको छ, अब कतिसम्म सफल हुन्छ हेर्न बाँकी छ ।

कोभिड रहेसम्म कांग्रेसको महाधिवेशन सम्पन्न हुने अवस्था छैन भन्ने होइन । यसभित्र थुप्रै कुराहरु छन् । हाम्रो छिमेकी राष्ट्र भारतकै उदाहरण हेर्ने हो भने कोभिडकै सन्त्रासको बीचमा त्यहाँको सरकारले बिहारमा निर्वाचन त गराएकै हो । अमेरिका जस्तो देश जहाँ कोभिडको आतंक छ, त्यहाँ पनि समयमै निर्वाचन भयो । त्यसकारणले सरकारको समस्याले गर्दा पनि ढिलाइ भइरहेको छ । पार्टीले पनि आफ्नो स्पष्ट धारणा बनाउनुपर्छ । हामीले धेरै ढिलो पनि गर्नु हुँदैन । किनभने वैधानिक समस्या पनि छ, संवैधानिक संकट पनि आउन सक्छ । महाधिवेशनका लागि आगामी भाद्रसम्म अन्तिम म्याद हो । त्यसले गर्दा हामीले समयमै महाअधिवेशन गर्नुपर्छ ।

केन्द्रीय समितिले त फागुनमै महाधिवेशन गर्ने भनेर ठोस निर्णय नै गरेको हो तर हाम्रो जुन क्यालेन्डर छ त्यसलाई व्यवस्थित गर्ने कुरामा छलफल भइरहेको छ । फागुनमै भएन भने एक दुई महिना सारेर क्यालेन्डरलाई व्यवस्थित गर्ने कुरा हुन्छ । अर्को विकल्पै छैन हामीसँग ।

कोभिड रहेपनि वा नरहेपनि हामीले समयसीमा भित्र महाधिवेशन गर्नैपर्ने हो । कोभिडको मामिला केपी ओलीको सरकार अत्यन्त उदासीन, गैरजिम्मेवार रहेकोले यो अवस्था सिर्जना भएको हो ।

कोरोनाको मामिलामा प्रदेश २ को वीरगन्ज हटस्पट नै रह्यो, त्यस्तै अन्य-अन्य ठाउँहरुको अवस्था त्यस्तै थियो । प्रदेश २ कोरोनामुक्त छ भनेर सरकारले भनिरहेको छ, मलाई एकदम अचम्म लाग्छ । महोत्तरी जिल्लाको कुरा गर्दा कोरोनासम्बन्धी जुन बैठक हुन्छ, त्यसको बैठक नबसेको दुई महिनाभन्दा बढी भइसक्यो । महोत्तरी जिल्लामा टेष्ट नै भइरहेको छैन । यहाँ पटक्कै कोरोना छैन भन्न मिल्छ ? प्रदेश २ मा सरकारको उदासीनताले कोरोना झन् बढिसकेको छ । कोभिड एउटा आफ्नै ठाउँमा समस्या हो तर छैन भन्न मिल्दैन ।

अब कुरा गरौं प्रदेश २ मा हाम्रो महाधिवेशनको अवस्थाबारे । लकडाउनको अवधिमा प्रदेश २ को प्राय: जिल्लाहरुमा समायोजनको काम रोकिएको थियो । त्यो समायोजनको काम नहुने कारण पनि कोभिड नै हो । हाम्रो आन्तरिक केही समस्याहरु पनि हो । तर जिल्लाहरुबाट लगभग सबै पठाइसकेका छौं । कोभिडले गर्दा निर्वाचन समितिका पदाधिकारीहरु बस्न सक्नुभएको छैन । तर पनि प्रदेश २ को दुई वा तीन वटा जिल्लामा मात्रै समायोजनको काम सम्पन्न हुन बाँकी छ । तर फागुनमै महाधिवेशन हुन्छ भन्ने कुरामा कोही पनि ढुक्क छैनन् ।

कांग्रेसमा आगामी महाधिवेशनबाट कस्तो नेतृत्व आउने भन्ने कुराको निर्णय देशैभरिका प्रतिनिधिहरुले निर्णय गर्ने हो । किनभने महाधिवेशनको कस्तो माहौल निर्माण हुन्छ, कस्ता व्यक्तिहरु उम्मेदवार बन्नुहुन्छ त्यसको निष्कर्ष महाधिवेशनले गर्ने हो । १३औं महाधिवेशनमा पनि युवा पुस्ताका साथीहरुलाई जोड्ने प्रयास महाधिवेशनले गरेकै हो । हामी पनि चाहन्छौं कि यो महाधिवेशनबाट नयाँ अनुहारहरु आऊन्, युवा नेतृत्व आऊन् । नयाँ अनुहार भनेको नेपाली कांग्रेसलाई हाँक्न सक्ने सक्षम र योग्य व्यक्तिहरु हुन्, चाहे त्यो पूराना पुस्ता हुन् वा नयाँ पुस्ताका ।

कांग्रेसको सभापतिका लागि विमलेन्द्र निधिजीको सम्भावना कति छ भनेर त म भन्न सक्दिँन वा अहिलेका वर्तमान सभापतिजीले के गर्नु हुन्छ त्यो उहाँको क्षेत्राधिकारको कुरा हो । तर, विमलेन्द्र निधि अहिले उपसभापति पनि हुनुहुन्छ । उहाले उम्मेदवारी दर्ज गर्नुभएको छ, त्यसलाई पार्टीभित्र अत्यन्त सकारात्मकरुपमा बहस चलिरहेको छ । उहाँ योग्य र सक्षम व्यक्तित्व नै हुनुहुन्छ । कांग्रेसमा स्थायी ध्रुवीकरण भइरहेको छ । तर सबै कुराको निधो त महाधिवेशनले नै गर्ने हो । महाधिवेशनका साथीहरुले विमलजीलाई साथ दिन्छन् कि अन्यलाई यो समयले बताउँला । तर विमलको उम्मेदवारीलाई सबैले सकारात्मकरुपले बहस गरिरहेका छन् ।

सभापति शेरबहादुर देउवा र आदरणीय उपसभापति विमलेन्द्र निधिको पार्टीमा लामो इतिहास पनि छ । पार्टीभित्र नेपाल विद्यार्थी संघको सक्रिय नेतृत्वदायी भूमिकाबाट उहाँहरु यतिसम्म आउनुभएको छ । अहिलेसम्म हामीले बुझ्दा उहाँहरुको बीचमा पार्टीको गाह्रो-साह्रो अवस्थामा एकै ठाउँमा उठ-बस हुने, एकअर्कालाई स्वीकार गर्ने, सरसल्लाहले अगाडि बढ्ने हामीले हेर्दैछौं । अब सभापतिजीले के गर्नुहुन्छ भन्न सकिन्नँ । विमलेन्द्र निधिजीले सभापतिजीलाई आग्रहसमेत गर्नुभएको छ । अब उहाँहरु के गर्नुहुन्छ त्यो म भन्न सक्दिँन । तर उहाँहरु एकै ठाउँमा बसेर धेरै समय बिताउनुभएको छ । अब हेरौं उहाँहरु कसरी अगाडि बढ्नुहुन्छ ।

विमलेन्द्र निधिलाई सभापति देउवाले सघाउनु हुन्छ होला । सभापतिमा थुप्रै जनाको उम्मेद्वारी छन् । तर विमलेन्द्रको उम्मेद्वारीले पार्टीभित्र एउटा नयाँ ध्रुवीकरणको परिस्थिति निर्माण गर्दैछ । पार्टीको आन्तरिक ध्रुवीकरणमा कुनै बेला केपी भट्टराई र गिरिजा प्रसाद कोइरालाको कुरा आउँथ्यो, यता आएर जसरी शेरबहादुर देउवा, गिरिजाप्रसाद कोइरालाको आयो, पछि वरिष्ठ नेता रामचन्द्र पौडेल र देउवाजीको कुरा आयो । यी सबै कालखण्डमा विमलेन्द्र निधिजी र शेरबहादुर देउवाजी एउटै ठाउँमा देखिनुभयो । तर अहिले शेरबहादुरजीले आफ्नो उम्मेद्वारी कायम राख्नुभएको छ र त्यहीं खेमाबाट विमलेन्द्रजीले आफ्नो उम्मेद्वारीको घोषणा गर्नुभएको छ । त्यसले गर्दा पार्टीमा एउटा नयाँ किसिमको ध्रुवीकरणहरु बन्ने सम्भावनाहरु देखिँदैछन् । अन्य उम्मेद्वारहरु पनि हुनुहुन्छ ।

विमलेन्द्र निधिलाई सभापति देउवाले सघाउनु हुन्छ होला । सभापतिमा थुप्रै जनाको उम्मेद्वारी छन् । तर विमलेन्द्रको उम्मेद्वारीले पार्टीभित्र एउटा नयाँ ध्रुवीकरणको परिस्थिति निर्माण गर्दैछ । पार्टीको आन्तरिक ध्रुवीकरणमा कुनै बेला केपी भट्टराई र गिरिजा प्रसाद कोइरालाको कुरा आउँथ्यो, यता आएर जसरी शेरबहादुर देउवा, गिरिजाप्रसाद कोइरालाको आयो, पछि वरिष्ठ नेता रामचन्द्र पौडेल र देउवाजीको कुरा आयो । यी सबै कालखण्डमा विमलेन्द्र निधिजी र शेरबहादुर देउवाजी एउटै ठाउँमा देखिनुभयो ।

जनताले पाँच वर्षका लागि नेकपालाई जनादेश दिइसकेको छ र नेपाली कांग्रेसलाई प्रतिपक्षमा बस भनेर जनादेश छ । त्यसले गर्दा अहिले नेकपाका नेताहरु ठूलो गैरजिम्मेवारीपूर्ण कामहरु गर्दै हुनुहुन्छ । किनभने नेपालमा राजनीतिक स्थिरता र शान्ति हुनुपर्छ । स्थिरता हुँदैन भने देशले आर्थिक विकास गर्दैन, आर्थिक समृद्धि आउँदैन । नेपाल कम्युनिष्ट पार्टीका प्रधानमन्त्री केपी ओली र प्रचण्डबीच जुन द्वन्द्व चलिरहेको छ, त्यसले देशमा एउटा नयाँ अवस्था सिर्जना गर्न सक्छ । त्यसले गर्दा जनादेशविपरीत काम कतैबाट पनि हुनु हुँदैन । नेपाली कांग्रेस यस मामिलामा एकदम प्रष्ट छ । जनताले नेकपालाई ६ वटा प्रदेश र देश चलाउन संघमा दुई तिहाइ नजिकको जनमत दिएको छ । त्यसलाई नेकपाका नेताहरुले कदर गर्नुपर्छ भन्ने हाम्रो बुझाइ हो । प्रतिपक्षी दलका नेता र सत्तापक्षका नेताहरुबीच भेटघाटका कुराहरु भइरहन्छ ।

*(नेपाली कांग्रेसका महासमिति सदस्य एवं सूचना, सञ्चार तथा प्रचार समिति सदस्य नेपालीसँग कुराकानीको आधारमा ।)*

## बोदे बर्साइनमा अख्तियारको छापा

राजविराज । सप्तरीको बोदे बर्साइन नगरपालिकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमबार छापा मारेको छ । कोभिड-१९ रोकथाम तथा नियन्त्रण खर्चमा अनियमितता भएको समाचार सञ्चारमाध्यममा सार्वजनिक भएसँगै चर्को आलोचना हुन थालेपछि आयोगको इटहरी कार्यालयले छापा मारेको हो । अख्तियारले कोरोनासँग सम्बन्धित फाइल लगेको छ । नगरपालिकाले कात्तिक २६ गते कोरोना रोकथाम तथा नियन्त्रणमा रु दुई करोड २१ लाख ३४ हजार खर्च भएको विवरण सार्वजनिक गरेको थियो । सार्वजनिक गरिएको सो खर्च विवरणमा लाइफब्वाइ साबुनको प्रतिगोटा मूल्य रु तीन हजार ८३१.४२ मा खरिद गरिएको उल्लेख भएपछि चर्को आलोचना भएको थियो । कोरोना रोकथाम तथा नियन्त्रणका नाममा नगरपालिकाले चरम आर्थिक अनियमितता गरेको भन्दै स्थानीयवासीले सूचना उपलब्ध गराउन नगरपालिकामा निवेदन नै दिएका थिए । नगरपालिकाले पुन: मङ्सिर ३ गते पत्रकार सम्मेलन गरी स्यानिटाइजर, साबुन, झुल, म्याट्रेस, मास्क, पञ्जालगायतका सामग्री बजार मूल्यअनुसार नै खरिद गरिएको स्पष्टीकरण दिएको थियो । शीर्षकअनुसार खर्च गरी बिल भर्पाइ राखिएको र सार्वजनिक गरिएको आय-व्यय हिसाबको 'प्रिन्ट मिस्टेक' भएर सञ्चारमाध्यममा भ्रामक समाचार पुगेको नगरप्रमुख आतेशकुमार सिंह यादवले स्पष्ट पार्ने प्रयास गरेका छन् । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गजेन्द्रनाथ शर्माले समेत खर्च विवरणमा 'प्रिन्ट मिस्टेक' भएकाले खर्च विवरण बढी देखिएको बताउँदै रु एक करोड २७ लाख २९ हजार ४२९ कोरोना शीर्षकमा खर्च भएको जानकारी दिए। बोदे बर्साइन नगरपालिका कार्यालयले २०७६ चैत २२ गते ९५ वटा साबुन रु तीन लाख ६३ हजार ९८५ लागतमा खरिद गरिएको प्रमाणित खर्च विवरणमा देखाएको थियो । टाइप गर्दा ९५ कार्टुन लेख्नुपर्नेमा कर्मचारीको कमजोरीले ९५ वटा भएको नगरप्रमुख यादवको जिकिर छ । सार्वजनिक गरिएको हिसाबको अर्को शीर्षकमा भने साबुनको प्रतिगोटा रु २९९।९६ पैसाको दरले खरिद गरिएको उल्लेख छ । अर्को शीर्षकमा एक हजार ४४० वटा लाइफब्वाइ साबुनलाई रु चार लाख ३१ हजार ९५५ मा खरिद गरिएको हिसाब देखाइएको छ ।

## नेपाल-भारत सीमास्थलमा बिओपी स्थापना

इलाम । इलाको नेपाल-भारत सीमास्थल जौबारीमा सशस्त्र प्रहरी बलको बोर्डर आउट पोष्ट (बिओपी) स्थापना गरिएको छ । इलामको सन्दकपुर गाउँपालिका-५ स्थित जौबारीमा स्थापित बिओपी प्रदेश नं १ का आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मत कार्की र प्रदेशका कृषिराज्यमन्त्री राम रानाले संयुक्तरूपमा उद्घाटन गरेका हुन् । सशस्त्र प्रहरी बल, नेपाल नम्बर १ गण इलामअन्तर्गत स्थापना भएको सो बिओपी सीमा सुरक्षा, सीमा क्षेत्रमा हुने चोरीपैठारी निकासी नियन्त्रण, सीमा अपराध नियन्त्रणलगायतका विविध कामकारवाहीमा परिचालित हुने सशस्त्र प्रहरी बल इलामका प्रहरी उपरीक्षक सुधीरजङ्ग थापाले जानकारी दिए । इलाम सदरमुकामदेखि करिब ३९ किलोमिटरको दूरीमा नेपाल-भारत सीमा नाकाभन्दा करिब एक किलोमिटर वर स्थापना गरिएको उक्त बिओपीले सोमबारदेखि नै दैनिककार्य सञ्चालन गरेको छ । नेपाल सरकारको नीतिअनुरूप सिमानालाई अझ मजबुद बनाउन तथा सीमा अपराध नियन्त्रण र रोकथाम गर्नका लागि सशस्त्र प्रहरी बल नेपालको बोर्डर आउट पोष्ट थप गर्दै लगिएको हो । इलामको सलकपुर, छब्बीसे, समालबुङ, कालपोखरीलगायतका स्थानमा यसअघि नै बिओपी स्थापना भइसकेको छ ।

## नौ वर्षमा पूरा भएन सडक निर्माण

रुपन्देही । बेलहिया बुटवल छ लेन सडक निर्माण सुरु भएको नौ वर्ष बित्दा पनि पूरा हुन सकेको छैन । सडक निर्माण पूरा नहुँदै मर्मतका लागि मात्रै साढे तीन करोड रुपैयाँ खर्च भएको छ । यो सडकले भारतसँगको दोस्रो ठूलो नाका सुनौलीबाट पूर्व-पश्चिम राजमार्गलाई बुटवलमा जोड्दछ । तीन वर्षमा सक्ने लक्ष्यसहित आर्थिक वर्ष २०६८/०६९ बाट निर्माण थालिएको लुम्बिनी प्रदेशकै महत्वपूर्ण आयोजना नौ वर्षसम्म पनि पूरा हुन नसकेको हो । सडकको अझै आठ प्रतिशत काम बाँकी छ ।

## संक्षिप्त समाचार

### भारतीय विदेश सचिवले आज प्रवचन दिने

काठमाडौं । नेपालको दुई दिने भ्रमणमा आएका भारतीय विदेश सचिव हर्षवर्द्धन श्रृंगलाले आज शुक्रबार नेपाल-भारत सम्बन्धमा एक विशेष प्रवचन दिने भएका छन् । एसियन इन्स्टिच्युट अफ डिप्लोमेसी एण्ड इन्टरनेसनल अफेयर्स (एआईडीआईए) ले आयोजना गर्ने कार्यक्रममा भारतीय विदेश सचिवले दुईपक्षीय सम्बन्ध र साझेदारीको विषयमा प्रवचन दिने छन् । एआईडीआईएका कार्यकारी अधिकृत सुनील केसीले एक विज्ञप्ति जारी गर्दै भनेका छन्,'यो कार्यक्रम पब्लिक डिप्लोमेसीलाई प्रवर्द्धन गर्ने हाम्रो वृहत उद्देश्यको एक अंश हो । यो कार्यक्रमले दुईपक्षीय सम्बन्धलाई अझ गहन बनाउन सहयोग गर्नेछ ।' विभिन्न थिङ्क ट्याङ्क, राजनीतिक दलका नेता, सरकारी अधिकारी, कूटनीतिक मिसनका पदाधिकारीहरु र अन्य विभिन्न क्षेत्रले सहभागिता जनाउने सो संस्थाले जानकारी दिएको छ ।

### वीरगञ्जमा थपिए १७ कोरोना संक्रमित

पर्सा । तीन दिन लगातार संक्रमित फेला नपरेको वीरगञ्जस्थित नारायणी अस्पतालको स्वास्थ्य प्रयोगशालामा पछिल्लो २४ घण्टामा गरिएको परीक्षणमा एकै पटक १७ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको हो । संक्रमितहरु पर्सा, बारा र रौतहटका भएको नारायणी अस्पतालका प्रवक्ता डा. अतुलेश कुमार चौरसियाले जानकारी दिए । पछिल्लो पटक ९६ जनाको स्वाब परीक्षण गर्दा १७ जनाको रिपोर्ट पोजेटिभ आएको अस्पतालका प्रवक्ता डा. चौरसियाले बताए । मंसिर ३ गते भने पर्साका १२ र बाराका २ गरी १४ जनामा मात्र संक्रमण पुष्टि भएको थियो । त्यस यता मंसिर ४, ५ र ६ गते कुनै संक्रमित फेला परेको थिएन ।

### गाउँसभा बदरको माग गर्दै अदालतमा मुद्दा

सिरहा । गाउँसभा बदरको माग गर्दै सिरहाको बरियारपट्टी गाउँपालिकाका उपाध्यक्ष तथा केही वडाअध्यक्षले अदालतमा मुद्दा दायर गरेका छन् । कानूनी प्रक्रिया पूरा नगरी गाउँपालिकाका अध्यक्षले मनपरी रुपमा गाउँसभा गरेको भन्दै बदरको माग गर्दै गाउँपालिकाका उपाध्यक्ष रेखाकुमारी यादव, वडा नं १ का वडाध्यक्ष नेवालाल यादव, वडा नं ४ का वडाध्यक्ष नवीनकुमार यादव र स्थानीय गुमस्ताकुमार यादवलले उच्च अदालत जनकपुर इजलाश राजविराजमा मुद्दा दायर गरेका हुन् । गाउँपालिका अध्यक्ष सन्तोषकुमार महतोले केही वडाध्यक्षको मिलोमतोमा कानून विपरीत गाउँसभा गरेको भन्दै गाउँपालिका अध्यक्ष, वडाअध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतलाई विपक्षी बनाइ मुद्दा दायर गरिएको कानूनका विद्यार्थीसमेत रहेका गुमस्ताकुमार यादवले जानकारी दिए । १० गतेभित्र गाउँसभा गरिसक्नुपर्ने प्रावधान भए पनि गत कात्तिक २ गते बरियारपट्टी गाउँपालिकाको गाउँसभा सम्पन्न भएको थियो ।

### गोलीबाट घाइते एक जनाको मृत्यु

महोत्तरी । बर्दिबासमा बालिका हत्याको बिरोध प्रदर्शनको क्रममा प्रहरीको गोली लागेर घाइते भएकामध्ये एक जनाको मृत्यु भएको छ । बर्दिवास नगरपालिका वडा नम्बर १ बस्ने ४० वर्षीय सञ्जय भनिने बुद्धिराज न्यौपानेको मृत्यु भएको छ । दुवै तीघ्रामा गोली लागेर घाइते भएका न्यौपानेलाई हेलिकप्टरमार्फत् काठमाडौंस्थित ग्रान्डी अस्पतालमा ल्याइएको थियो । उनको उपचारको क्रममा मृत्यु भएको परिवारजनले जनाएका छन् । बर्दिवास नगरपालिका-१४ की ६ वर्षीया बालिकाको हत्याको विरोधमा प्रदर्शनमा उत्रिएका स्थानीयले पूर्वपश्चिम राजमार्ग अन्तर्गत बर्दिवासमा मंगलबार सडक अवरुद्ध पारेका थिए । राजमार्ग खुलाउन प्रहरीले दर्जनौं राउन्ड अश्रुग्यास र गोली चलाएको थियो । गोली लागेर तीनजना घाइते भएका थिए ।

### हत्या गरिएकी बालिकाको परिवारलाई नगरपालिकाले राहत दिने

बर्दिबास । महोत्तरीको बर्दिबासमा मृतक बालिका र गोली लागेर ज्यान गुमाएका दुवै घटनाका पीडित परिवारलाई बर्दिबास नगरपालिकाले राहत उपलब्ध गराउने भएको छ । पीडित परिवारलाई जनही २ लाख ५० हजारका दरले राहत उपलब्ध गराउने नगरपालिकाले निर्णय गरेको हो । बर्दिबास नगरपालिकाले पत्रकार सम्मेलन गरेर गोली लागेर मृत्यु भएका परिवारका एक जना सदस्यलाई क्षमताको आधारमा रोजगारीसमेत उपलब्ध गराउने बताएको छ । आइतबार साँझदेखि हराइरहेकी ६ वर्षीय बालिका गुलाब्सा खातुनको शव सोमबार मध्यराती फेला परेको थियो । बालिकाको हत्याको विरोधमा प्रदर्शनका उत्रिएका बर्दिबास- १ का ४२ वर्षीय सञ्जय भनिने बुद्धिराज न्यौपानेको प्रहरीले चलाएको गोली लागेर उपचारको क्रममा ज्यान गएको थियो । दुवै घटनालाई सत्यतथ्य एवम् निष्पक्ष छानविन गर्न न्यायिक आयोग गठन सरकारसँग माग गरिएको छ । बालिका हत्या र गोली लागेर मृत्यु भएका दुवै घटनामा दोषी ठहरिनेलाई हदैसम्मको कारवाहीको माग गरेको छ ।

### कोरोनाले सप्तरीका स्वास्थ्यकर्मीको मृत्यु

काठमाडौं । कोरोना भाइरसको कारण ५४ वर्षीय स्वास्थ्यकर्मी गौरीशंकर देवको मृत्य भएको छ। सिरहाको कल्याणपुर नगरपालिकाको स्वास्थ्य महाशाखामा कार्यरत जनस्वास्थ्य अधिकृत देवको शनिबार राति विराटनगरस्थित नोबेल मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु' भएको हो । उनलाई ७ दिनअघि कोरोना पोजेटिभ देखिएको थियो। कोरोना संक्रमणपछि स्वास्थ्य अवस्था गम्भीर भई उनको आइसियुमा राखेर उपचार गर्ने क्रममा मृत्यु' भएको हो । यो सँगै सप्तरीमा कोरोना संक्रमणको कारण मृत्यु हुनेको संख्या २१ पुगेको छ । १ सय ५ संक्रमित उपचाररत, १८ सय २१ संक्रमणमुक्त र कुल संक्रमित १९ सय ४६ छन् ।

### पठनपाठन सञ्चालन हुने

रुपन्देही । गत चैतदेखि बन्द रहेको सामुदायिक तथा संस्थागत विद्यालय सञ्चालन हुने भएका छन् । जनस्वास्थ्य प्रोटोकल पालना गर्दै आइतबारदेखि विद्यालय सञ्चालन हुने भएका हुन् । कोरोना महामारिका कारण गत चैतदेखि बन्द रहेका विद्यालय विद्यार्थीलाई भौतिक रुपमै कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलापमा सहभागी गराउने गरी खुल्ने भएका हुन् । संघीय सरकारले तय गरेको विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा अनुसार जनस्वास्थ्य प्रोटोकल मापदण्ड अवलम्बन गरी विद्यार्थीको पठनपाठन सुचारु गर्ने निर्णय भएको हो ।

### देउसीभैलोको रकम सामाजिक कार्यमा

नेपालगञ्ज । बाँकेको कोहलपुर-१०, कालिकानगरका युवाले देउसीभैलोबाट सङ्कलन भएको रकम सामाजिक कार्यमा सदुपयोग गरेर एउटा राम्रो उदाहरण प्रस्तुत गरेका छन् । कोरोना महामारीका बीच परम्परागत संस्कृतिको जगेर्ना गर्नका लागि सामाजिक दूरी कायम गरी खोलिएको देउसीभैलोबाट सङ्कलन भएको रकम सामाजिक कार्यमा सदुपयोग गरेर एउटा राम्रो उदाहरण प्रस्तुत गरेका छन् । कोरोना महामारीका बीच परम्परागत संस्कृतिको जगेर्ना गर्नका लागि सामाजिक दूरी कायम गरी खेलिएको देउसीभैलोबाट सङ्कलन भएको रकम स्थानीय स्तरकै खर्च गरिएको छ ।

### अन्तर्राष्ट्रियस्तरको विमानस्थल बन्ने आशा

विराटनगर । विराटनगर विमानस्थललाई अन्तराष्ट्रिय स्तरमा स्तरोन्नति गर्ने प्रक्रियामा एउटा प्रगति थपिएको छ । विमानस्थल विस्तारका लागि आवश्यक जग्गा अधिग्रहण गर्न नेपाल सरकारले स्वीकृति दिएपछि अन्तराष्ट्रिय स्तरको विमानस्थल बन्नेमा विराटनगरवासीमा आशाको सञ्चार भएको छ । गत कात्तिक २७ गते बसेको मन्त्रिपरिषदको बैठकले विराटनगर विमानस्थल विस्तारका लागि १२६.४६ बिघा जमिन अधिग्रहण गर्न नेपाल नागरिक उड्डयन प्राधिकरण विराटनगरका प्रमुख उत्सव खरेलले जानकारी दिनुभयो ।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

रौतहट । मोटरसाइकल दुर्घटनामा रौतहटमा एक प्रहरी हवल्दारको मृत्यु भएको छ । रौतहटको परोहा नगरपालिका(६ बसन्तपटी घर भई महानगरीय प्रहरी परिसर काठमाडौं टेकुमा कार्यरत ३५ वर्षीय प्रहरी हवल्दार प्रवीण सिंहको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । सिंह आफैंले चलाएको ना ६ प ७४२२ नम्बरको मोटरसाइकल बौद्धिमाई नगरपालिका(९ मा शनिबार साँझ अनियन्त्रित भई दुर्घटना भएको थियो । दुर्घटनामा गम्भीर घाइते भएको उनको जिल्ला अस्पताल गौरमा पुऱ्याउँदै गर्दा बाटोमा मृत्यु भएको थियो ।

# मिथिलामा सामा चकेवाका गीत गुञ्जदै



महोत्तरी । मिथिलामा दाजुभाइ दिदीबहिनीबीच प्रेम र समर्पणको प्रतीक मानिने सामाचकेवा पर्व अहिले उत्कर्षमा छ ।

मिथिलाका गाउँनगर बस्तीका चोक अचेल सामा चकेवाका कर्णप्रिय गीतले गुञ्जिरहेका छन् । मिथिलानीले दाजुभाइको सौर्य वृद्धिको कामनासहित मनाउने यो लोकपर्व कात्तिक शुक्ल पञ्चमीका दिन शुरु भई पूर्णिमाका दिन समापन गरिने परम्परा छ ।

छठपर्वको खरना ९कात्तिक शुक्ल पञ्चमी का दिन शुरु भएको यो पर्व अहिले समापनको नजिक पुगेको छ । यसपाली यही मङ्सिर ४ गते शुरु गरेका यो पर्व पूर्णिमा तिथिको दिन आउने सोमबार मिथिलानीले समापन गर्नेछन् ।

बोलीचालीमा सामा भनिने ११ दिनसम्म मनाइने यो पर्व समापनको केही दिन बाँकी हुँदा मिथिलानी आफ्ना दाजुभाइलाई डाक्न अहिले व्यस्त छन् । पर्वको समापनमा दाजुभाइबाट सामाचकेवा खेलका माटाका आकृति घुँडामा राखेर फुटाउन लगाउने विधि र उनीहरुलाई मिष्टान्न परिकार खुवाउने परम्पराले दिदीबहिनी आफ्ना दाजुभाइलाई डाक्न अहिले व्यस्त भएका हुन् ।

आफ्ना दाजुभाइप्रति प्रेम र समर्पण दर्शाउँदै उनीहरुको सौर्य बखान गरेर रातिको समयमा गीत गाउँदै मनाइने सामाचकेवा पर्व रमाइलो खेल पनि भएको मिथिलानी बताउँछन् । यसपाली भने यसअघिका वर्षजस्तो सामा खेलमा महिला सहभागिता देखिदैन । कोभिड-१९ सङ्क्रमणको सन्त्रासले चोकचोकमा जम्मा हुने दिदीबहिनीको सङ्ख्या घटेको मिथिलानी बताउँछन् । यद्यपि सगोल घरका दिदीबहिनीले आफ्नै घरअघि जम्मा भएर सामा गाउने परम्परा भने थेगेका छन् ।

मध्यरातसम्मको चकमन्न समयमा नगररगाउँ बस्तीको चौबाटो समूहमा जम्मा भएर दिदीबहिनीले गीतमार्फत आफूहरुप्रति दर्शाएका प्रेम र समर्पण भावले रोमाञ्चित गराउने मिथिलाका युवा बताउँछन् ।

'कात्तिक मासे यौ भैया सामा लेलक अवतार,
सयौं बरख जियौं यौ भैया सामा लेलक अवतार'

यस्ता गीत सुनिरहदा आफ्ना दिदीबहिनी हुनेहरु खुशीले दङ्ग हुन्छन् भने दिदीबहिनी नहुनेलाई मेरा चैं किन दिदीबहिनी भएन छन् भन्ने भाव पैदा हुने गरेको महोत्तरीकै एकडारा गाउँपालिकाको भटौलिया गाउँका युवा सामाजिक कार्यकर्त्ता प्रवीण कर्ण बताउनुहुन्छ ।

'चलु बहिना सामा खेल भैयाके आँगन हे ।
जुग जुग जियथिन भैया अपन हे ।'

मिथिला लोकसंस्कृतिको अभिन्न अङ्ग रहेको सामाचकेवा पर्वले 'छोरी' नचाहिने भन्नेलाई पनि 'छोरी' को रहर जगाउने गरेको पाइएको छ ।

"चोकचोकमा अरुका दिदीबहिनीले सामाका गीत गाएर आफ्ना दाजुभाइको सौर्य बखान गरेको सुन्दछु", आफ्ना दिदीबहिनी नभएका बर्दिवास-९ पशुपतिनगरका ३० वर्षीय अमरचन्द्र महतो भन्छन् ।

दाजुभाइ दिदीबहिनीप्रति यस्तो प्रेम दर्शाउने यो पर्व करिब साढे पाँच हजार वर्ष पहिले द्वापर युगबाट शुरु भएको मिथिला संस्कृतिका जानकार बताउँछन् । द्वापरयुगमा श्रीकृष्णकी छोरी सामाले चक्रधर (चकेवा)सँग प्रेम सम्बन्ध राखेको कुरा एउटा कुरौटे चुगलाले कृष्णलाई भन्दा छोरी स्वच्छन्द प्रवृतिकी भई भन्ने रिसमा दुबै (सामा र चकेवा) लाई चरा हुने श्राप दिएको पौराणिक कथा प्रसङ्ग यो पर्वको परिवेश रहेको मिथिलामा विश्वास गरिन्छ ।

कृष्णका श्रापले चरा भएर विचरण गरेकी बहिनी सामा र उनका प्रेमी चकेवा (चक्रधर) को मुक्तिका लागि कृष्ण पुत्र साम्बले शिवजीको तपस्या गरेर पिता रिझाउन सक्ने बरदान पाएर कृष्णसँग गरेको याचनाबाट उनीहरु श्रापमुक्त भई पूर्व योनीमा आएर विवाह गर्न पाएका पौराणिक वर्णन रहेको पाइन्छ । दाजु साम्बको त्यही गुनलाई सम्झदै सामाले गाएकी गीतको यादमा दाजुभाइप्रति कृतज्ञता जनाउन सामाचकेवा पर्वको परम्परा बसेको महोत्तरीको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठ संस्कृत क्याम्पस का साहित्य विषयका उपप्राध्यापक ध्रुव राय बताउँछन् ।

मिथिलामा दाजुभाइ/ दिदीबहिनीबीच प्रेम दर्शाउने भैयादुज, राखी र सामाचकेवा पर्व परम्परा रहेका छन् । भैयादुज कात्तिक शुक्ल द्वितीयाका दिन दिदीबहिनीले दाजुभाइलाई सप्तरङ्गी विजय तिलक र माला लगाएर मनाउँछन् ।

त्यस्तै साउन पूर्णिमामा दाजुभाइका हातमा सप्तरङ्गी डोरा (राखी) बाँधी दिएर दिदीबहिनीले सौर्यवृद्धिको कामना गर्छन् । अनि कात्तिक शुक्ल पञ्चमीदेखि पूर्णिमासम्म सामाचकेवा मनाइन्छ । भैयादुज र राखी पर्व सत्ययुगमा राजा बलिका बहिनी गङ्गा र यमुनाले शुरु गरेका र सामाभने द्वापरयुगमा श्रीकृष्ण पुत्री सामाले दाजुप्रति कृतज्ञता जनाउन गरेकी सम्झनाको निरन्तरता भएको मैथिल बताउँछन् ।


**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**


## उखु किसानले कहिले भुक्तानी पाउने ?

सर्लाही । सर्लाही जिल्लाको धनकौलमा रहेको अन्नपूर्ण चिनी मिलले अहिलेसम्म पनि किसानलाई भुक्तानी दिएको छैन । केही दिनअघि यहाँका उखु किसान अघिल्ला वर्षमा बेचेको उखुको भुक्तानी माग्न काठमाडौं पुगेका थिए । त्यसबेला उद्योगको केन्द्रीय कार्यालयमा रहेका अन्नपूर्णका उखु प्रबन्धकले छठअघि केही रकम किसानको खातामा पठाउने आश्वासन दिएको तर किसानले अहिलेसम्म पनि भुक्तानी पाएका छैनन् ।

काठमाडौंमा राष्ट्रपति, उद्योग मन्त्री र उद्योगका जिम्मेवारी अधिकारीलाई भेटेर एक साताअघि घर फर्किएका धनकौलका किसान रामकल्याण यादवले उद्योगले धोका दिएको बताए । उनका अनुसार यसपटक पनि चिनी मिलले धोका दिएर किसानलाई निराश पार्‍यो ।

सर्लाहीका अधिकांश किसानको आम्दानीको विशेष स्रोत, नगदेबाली उखु रहेको र त्यही उखु बेचेको पैसा नपाउँदा चाडपर्व पनि खल्लो भएको यादवको गुनासो छ । 'छठ अगाडि पैसा पाइएला भन्ने आशामा बसेका थियौं । दिन्छु पनि भनेको थियो तर यसपटक पनि धोका भयो। हामीलाई चिनी मिलले ढाँट्यो', उनले बताए ।

गत वर्ष सञ्चालनमै आउन नसकेको उद्योगले तीनरचार वर्षअघिदेखि नै किसानसँग किनेको उखुको रकम भुक्तानी गर्न बाँकी छ । भाका राखेर सो उद्योगले किसानलाई बारम्बार ढाँट्ने काम मात्रै गरिरहेको नेपाल उखु उत्पादक महासंघका केन्द्रीय अध्यक्ष कपिलमुनि मैनालीले बताए ।

समयमै भुक्तानी नगरेर सर्लाहीका अन्नपूर्ण र महालक्ष्मी चिनी उद्योगले किसानलाई वर्षौंसम्म रुवाइरहेका अध्यक्ष मैनालीको भनाइ छ । उद्योगले थोरै रकम देखाए पनि अन्नपूर्णले करिब ३० करोड रुपैयाँ र महालक्ष्मीले करिब ६ करोड रुपैयाँ भुक्तानी दिन बाँकी रहेको किसानले बताउँदै आएका छन् । राष्ट्र प्रमुख र सरकारका मन्त्रीलाईसमेत पटकपटक गुहार्दा पनि चिनी उद्योगबाट उखु बेचेको रकम भुक्तानी नहुँदा जिल्लाका उखु उत्पादक किसान निराश भएका छन् ।

किसानको पुरानो बक्यौता बाँकी राख्ने अन्नपूर्ण र महालक्ष्मी दुवै उद्योग यसपटक पुन: सञ्चालन गर्न उखु क्रसिङ गर्नेगरी प्रविधि मर्मतको काम भइरहेको छ ।

तीन/चार वर्ष पहिला देखिको किसानका भुक्तानी बाँकी राखेका उद्योग फेरि सञ्चालनको तयारी गर्न किसानका लागि थप पीडा दायी हुने किसानको भनाइ छ । किसानले पटकपटक आन्दोलन गर्दा पनि यी दुई उद्योगले किसानको भुक्तानी गर्न आनाकानी गरिरहेका छन् ।


**विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं**

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुर्‍याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

**प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**प्रदेश नं. २, धनुषा, नेपाल**

सम्पर्क नं. : ०४१५२२३५०

इमेल : malcprovince2@gmail.com



**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।



**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# जम्मु कश्मिरमा पाकिस्तान प्रायोजित आतंकवाद न्यूनीकरण गरेको भारतको दावी

काठमाडौं । जम्मु कश्मिरको नगरोटामा जैस ई मोहम्मद आतंककारी समुहका ४ आतंककारीहरुमाथि गरिएको कारवाहीलाई भारतमा सीमा विवादमा मिलेको अर्को सफलताका रुपमा हेरिएको छ । पाकिस्तान र भारतबीचको सीमानाका लाइन आफ कन्ट्रोल (एलओलसी)मा भारतीय सेना र सीमा सुरक्षा बलको उच्च निगरानीका कारण पाकिस्तानी आतंकारीहरुलाई कारवाही गरिएको भारतीय मिडियाहरुले लेखेका छन् । मुढभेडमा ४ पाकिस्तानी आतंककारी समुहका आतंककारीहरुलाई भारतीय सेनाले कारवाही गरि मारेको थियो । जम्मु कश्मिर प्रहरीको समेत उच्च सक्रियताका कारण विष्फोट गर्नुपूर्व नै आतंकारीहरुलाई नियन्त्रणमा ल्याउन भारतीय सेना एवं प्रहरी बल सफल भएको छ ।

पछिल्लो समय जम्मु कश्मिरमा भारतले पाकिस्तानी आतंककारी समुहबाट हुने गरेका आतंककारी हमलाहरुलाई निकै कम गरेको दावी गरेको छ । यस वर्षको गत अक्टोबर सम्म सन् २०१९ का तुलनामा करिब ३६ प्रतिशत आतंकारी हमला न्युनीकरण भएका छन् । जम्मु कश्मिर प्रहरीका अनुसार यस वर्षको अक्टोबरसम्म जम्मु कश्मिरमा ७७ आतंककारी समुहहरु पस्न खोजेका थिए । त्यसमध्ये १७ ले मुढभेडमा ज्यान गुमाएका छन् भने २४ लाई पाकिस्तान फिर्ता गरिएको छ भने ३६ भने जम्मु कश्मिरमा प्रवेश गर्न सफल भएका छन् ।

यस्तै सन् २०१९ को यसै अवधिमा भने २०० आतंकारी समुहरुले जम्मु कश्मिरमा हमला गर्न खोजेका थिए । जसमध्ये ४ को मृत्यु भएको थियो भने ६२ लाई पाकिस्तान फिर्ता पठाइएको थियो र १ सय ३५ जना भने जम्मु कश्मिरमा लुक्न सफल भएका थिए । यस वर्षको अक्टुबरसम्म भारतीय प्रशासित जम्मु कश्मिरमा घुस्न खोजेका ४६ आतंककारी समुहका ३७ प्रयास सफल भएका छन् । ३१ आतंककारीहरु चिनियाँ सीमा नाघेर भारत प्रवेश गर्न खोजेकामध्ये ९ सफल भएका छन् । सन् २०१९ मा ७६ प्रतिशत आतंककारीहरु कश्मिर क्षेत्रबाट भारत प्रवेश गर्न सफल भएका थिए भने जम्मुमा भने ७ प्रतिशत मात्रै प्रवेश गर्न सफल भएका थिए ।

# मोदी र बाइडेनबीच महामारी नियन्त्रण र सहकार्यका विषयमा छलफल

नयाँदिल्ली । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अमेरिकाका नवनिर्वाचित राष्ट्रपति जो बाइडेनसँग फोनवार्ता गरेका छन् । अमेरिकाको राष्ट्रपतिमा निर्वाचित भएकोमा बाइडेनलाई बधाई दिँदै मोदीले सहकार्यका लागि आफू सधैं खुल्ला र तयार रहेको बताए ।

बधाई दिन गरेको फोन कुराकानीका क्रममा उनले विश्वभरी महामारीको रुपमा फैलिएको कोरोनाभाइरसको सङ्क्रमण नियन्त्रणमा सँगसगै मिलेर काम गर्न चाहेको बताए । भारत र अमेरिकाबीचको सम्वन्धलाई थप प्रभावकारी, प्रगाढ र राम्रो बनाउनका लागि रणनीतिक साझेदारी र छलफललाई निरन्तरता दिनु पर्नेमा समेत उनले जोड दिए ।

'मैले अमेरिकाका नवनिर्वाचित राष्ट्रपति जो बाइडेनलाई टेलिफोन गरेर बधाई दिएको छु । फोन वार्ताका क्रममा सहकार्य गर्ने र आपसी सम्वन्धलाई अझ बलियो बनाउने बारेमा पनि सकारात्मक छलफल भएको छ', मोदीले सामाजिक सञ्जाल ट्वीटरमा लेखेका छन् ।

विगतका सहमति तथा सम्झौता, कोरोनाभाइरसको महामारी, जलवायु परिवर्तन, हिन्द-प्रशान्त क्षेत्र लगायतका बारेमा संक्षेपमा कुराकानी भएको पनि प्रधानमन्त्री मोदीले जानकारी दिए । उनले उपराष्ट्रपतिमा निर्वाचित कमला ह्यारिसलाई पनि न्यानो बधाई भनेका छन् ।

भारतीय मूलकी अमेरिकी नागरिक ह्यारिस विजयी भएकोमा भारतीयहरु नागरिकस्तरबाट पनि यस अघि नै खुशियाली व्यक्त भइरहेका छन् । ह्यारिसको विजयले अमेरिका र भारतको सम्वन्ध र सहकार्यलाई थप सहज र शसक्त बनाउने विश्वास पनि प्रधानमन्त्री मोदीले व्यक्त गरेका छन् ।

## भुटानमा चीनको एउटा सिंगै गाउँ !

थिम्पु । चिनियाँ एक पत्रकारले गरेको ट्वीटका कारण चीन र भुटानबीच नक्साको बारेमा तनाब सिर्जना हुने संकेत देखिएको छ ।

विवादित सीमा क्षेत्र डोक्लम नजिकै चिनियाँ एउटा गाउँ रहेको भन्दै स्याटेलाइटबाट खिचिएको गाउँको फोटो ती पत्रकारले सार्वजनिक गरेपछि अनेक आशंका उत्पन्न भएको छ । ट्वीटरमार्फत सार्वजनिक गरिएको उक्त फोटो लगत्तै डिलिट गरिए पनि यसबारे थप विवाद र विरोधाभाष उत्पन्न भएको छ ।

ती पत्रकारका अनुसार चिनियाँ भनिएको उक्त गाउँ भुटानको सिमानाभन्दा २ किलोमिटर भित्र रहेको छ । भुटानले भने आफ्नो भूभागमा चिनियाँ गाउँ रहेको दावीलाई अस्वीकार गरेको छ ।

चिनियाँ सरकारी टिभी सीजीटीएन नेटवर्कका वरिष्ठ पत्रकार शेन शिवेइले यस्तो दावी गरेका हुन् । उनले ट्वीटरमा चिनियाँ गाउँ देखिने तीन वटा तस्बिर सार्वजनिक गरेका थिए । 'अब हामीसँग स्थायी बसोबास भएको भर्खरै स्थापित भएको पांग्दा गाउँ छ, यो तिब्बतबाट ३५ किलोमिटर दक्षिणतर्फ उपत्याकाको छेउमा अवस्थित छ । यहाँ यसको लोकेसन देखाउन नक्सा छ,' शेनले ट्वीट गरेका थिए ।

## तीन सयमै कोरोनाविरुद्धको भ्याक्सिन

नयाँदिल्ली । भारतमा तीन महिनापछि कोरोना भाइरसविरुद्धको भ्याक्सिन प्रयोगमा ल्याइने भएको छ । अक्सफोर्ड भ्याक्सिन सन् २०२१ को फेब्रुअरी महिनाभित्र उपलब्ध हुने जनाइएको हो ।

टाइम्स अफ इन्डियाका अनुसार अक्सफोर्ड भ्याक्सिन ७० लाख स्वास्थ्यकर्मी र कोरोनाविरुद्ध अग्रपंक्तिमा रहेर काम गरिरहेका दुई करोड मानिसहरुलाई शुरुमा दिइनेछ । भारत सरकारले आधा मूल्यमा भ्याक्सिन उपलब्ध गराउने जनाइएको छ । सेरम कम्पनिले उत्पादन गर्ने अक्सफोर्ड भ्याक्सिनको अधिकतम मूल्य छ सय भारु पर्नेमा स्वास्थ्यकर्मी र अग्रपंक्तिका कोरोनाविरुद्धका सक्रियहरुलाई आधा मूल्यमा उपलब्ध हुनेछ ।

भारतले उमेर समूह र कामको प्रकृति हेरेर भ्याक्सिन पाउनेलाई प्राथमिकतामा राख्ने जनाइएको छ । पहिलो प्राथमिकतामा वृद्धवृद्धा पर्नेछन् ।

भारतको सेरम कम्पनिले अक्सफोर्ड भ्याक्सिन उत्पादनको अनुमति पाएको छ । भारत आफैले पनि भ्याक्सिनको विकास गरिरहेको छ । उसले आफ्नो भ्याक्सिनको तेस्रो चरणको परीक्षण गरिहेको छ । जुन सन् २०२१ को मध्यसम्ममा प्रयोगमा ल्याउने लक्ष्य लिइएको छ ।

## काश्मीरमा चरमपन्थी प्रवेश गर्ने १५० मिटर लामो सुरुङ भेटियो

काठमाडौं । काश्मीरको साम्बा जिल्लाको भारत-पाकिस्तान अन्तर्राष्ट्रिय सीमामा एक सय ५० मिटर लामो सुरुङ भेटिएको छ ।

भारतीय बोर्डर सेक्युरिटी फोर्स (बिएसएफ)का जवानले गस्तीको समयमा पिलर नम्बर १७९ नजिक उक्त सुरुङ फेला पारेका हुन् । सुरुङको मुखमा बोराहरु भरेर राखिएको थियो । बोरामा कराँचीको सील लगाएको पाइएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । उक्त सुरुङ पाकिस्तानी पक्षले भारतमा आतंककारी हमला गर्ने उद्देश्यले खनेको हुन सक्ने भारतीय सुरक्षा अधिकारीले जनाएका छ ।

पछिल्लो समय नगरोटामा भएको इन्काउण्टरमा सहभागी भएका आतंककारीले यही सुरुङको प्रयोग गरी भारत छिरेको हुन सक्ने आँकलन सुरक्षा निकायले गरेको छ । सुरुङ पुरानो नभई हालसालै खनिएको भारतीय पक्षको दाबी छ । बिएसएफका अनुसार उक्त सुरुङ १५० मिटर लामो र तीन फिट चौडाईको रहेको छ । जम्मु प्रहरीमा महानिर्देशक दिलबाग सिंहले आंतकवादी भारतमा घुस्ने बाटो बारे अनुसन्धान गरिरहेका बताएका छन् । प्रहरीले बिएसएफको साथ मिलेर चरमपन्थीलाई इन्काउण्टर गरेका थिए । इन्काउण्टरको ७६ घण्टापछि उक्त सुरुङ पत्ता लागेको हो ।

## भारतमा कोभ्याक्सिनको तेस्रो चरणको परीक्षण

नयाँदिल्ली । कोभ्याक्सिन भारतले विकास गरिरहेको कोरोना भाइरसविरुद्धको खोप हो । अहिले यसको तेस्रो चरणको परीक्षण भइरहेको छ । भारत बायोटेकले विकास गरिरहेको यो भ्याक्सिनको परीक्षणमा एकजना मन्त्री समेत स्वयंसेवकका रुपमा सहभागी भए ।

परीक्षणमा हरियाणाका स्वास्थ्यमन्त्री अनिल भीज पनि सहभागी भएका हुन् । उनले परीक्षणका क्रममा भएको खोप लगाउँदै स्वयंसेवकहरुलाई आकर्षित पारे । उनी ६७ वर्षका छन् र मधुमेहका रोगी हुन् ।

मन्त्री भीज हरियाणा राज्यमा कोभ्याक्सिनको तेस्रो चरणको परीक्षणमा सहभागी हुने पहिलो नागरिक हुन् । उनले खोप लगाउँदा गर्वको अनुभव भएको सुनाए ।

भारतमा विभिन्न भ्याक्सिनको परीक्षण भइरहेको छ । सेरमले अक्सफोर्ड भ्याक्सिनको परीक्षण गरिरहेको छ । रुसको स्पुतनिक भीको पनि परीक्षण शुरु भएको छ । ती भ्याक्सिन परीक्षणबाट सफल भएमा भारतमा पनि उत्पादनको तयारी छ । तर, कोभ्याक्सिन भारतको आफ्नै उत्पादन हो । यो सन् २०२१ को मध्यतिर सर्वसाधारणका लागि प्रयोगमा ल्याइने गरी तिव्र रुपमा काम भइरहेको छ ।

लैंगिक हिंसा अन्त्यको प्रतिबद्धता:
व्यक्ति, समाज र सबैको ऐक्यबद्धता

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## दुर्घटनामा मृत्यु

कपिलवस्तु । यूपी ४२ बी टी २३९१ नम्बरको भारतीय बल्कर र ना ८ प २५२५ नम्बरको यात्रुवाहक बस ठोकिँदा कपिलवस्तुमा एकजनाको मृत्यु भएको छ । मङ्गलबार बिहान बुद्धभूमि नगरपालिका २ गोरुसिङ्गे जङ्गलमा दुर्घटना भएको थियो । दुर्घटना परि भारतको अयोध्या बस्ने वर्ष ६० को बल्कर चालक मुन्नीलाल चौहानको घटनास्थलमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

## नयाँ सङ्क्रमित थप

जनकपुरधाम । प्रदेश-२ मा मङ्गलबार ५६ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ । प्रदेश-२ का विभिन्न प्रयोगशालामा गरिएको स्वाब परीक्षणबाट उक्त पुष्टि भएको प्रदेश-२ सामाजिक विकास मन्त्रालयका वरिष्ठ चिकित्सक डा. कमलेश यादवले जानकारी दिए । उनका अनुसार धनुषामा २९, महोत्तरीमा नौ सिरहामा पाँच, बारामा दुई, पर्सामा तीन, सर्लाहीमा तीन, रौतहटमा दुई र अन्य जिल्लाका तीन जनामा सङ्क्रमण पुष्टि भएको हो ।

## 'सरकारलाई कसैलाई हटाउन सक्दैन'

विराटनगर । सहरी विकास मन्त्री कृष्णगोपाल श्रेष्ठले वर्तमान प्रधानमन्त्रीको नेतृत्वमा पाँच वर्षे पूर्ण कार्यकालको सरकार सञ्चालन हुने बताएका छन् । विराटनगरमा मङ्गलबार साँझ सञ्चारकर्मीसँग कुरा गर्दै मन्त्री श्रेष्ठले वर्तमान सरकारलाई संसारको कुनै तागतले ढाल्न नसक्ने दाबी गरेका छन् ।

## जिल्ला समाचार

## पर्सामा प्रहरी र तस्करबीच झडप

वीरगन्ज । सीमावर्ती भारतको रक्सौलबाट भन्सार राजस्व छली अवैध रुपले कपडा ल्याउन खोज्ने समूह र प्रहरीबीच झडप भएको छ । झडपमा अस्थायी प्रहरी चौकी इनर्वाका प्रहरी सहायक निरीक्षक (असई) जयप्रकाश पाण्डे घाइते भएका छन् । असई पाण्डेको नाकमा चोट लागेको छ । नारायणी अस्पतालमा उनको उपचार भइहरेको छ । झडपमा संलग्न आरोपमा प्रहरीले एक महिलासहित दुई जनालाई नियन्त्रणमा लिएको छ । आइतबार अपराह्न टाउको र काँधमा स्वेटर र कपडा बोकेर आउने महिला समूहलाई नियन्त्रणमा लिन असई पाण्डे दुईजना प्रहरी लिएर खेतमा ढुकेर बसिरहेका थिए । करिब साढे दुई बजेको समयमा भारततर्फबाट कपडा बोकेर आएका दुईजना महिलालाई नियन्त्रणमा लिँदा झडप भएको हो । असई पाण्डेले तस्कर समूहले गोली चलाउँदा नाकमा चोट लागेको बताएका छन् । असई पाण्डेका अनुसार प्रहरी टोली पुग्दा पूरा तस्करी भइरहेको थियो । 'हामीले रोकेपछि उखुबारीबाट फायर नै खोले,' असई पाण्डेले भने, 'टाढा भएकाले कुन हतियार थियो, थाहा भएन । नाकमा छर्रा लागेको छ ।' सशस्त्र प्रहरी बल इनर्वाको टोलीसमेत उक्त क्षेत्रमा परिचालन हुने गरेको छ । सशस्त्रका जवानले पनि त्यहाँ गोली नचलेको दाबी गरे । गोली नचलेको पुष्टि भएपछि जिल्लाबाट आएको टोली घटनास्थल नपुगी फर्केको थियो । घटनास्थलका बासिन्दाले दुई पक्षबीच 'आर्थिक लेनदेन'मा कुरा नमिल्दा झडप भएको प्रतिक्रिया दिएका छन् । स्थानीयका अनुसार सादा पोसाकमा रहेका असई पाण्डेले कपडा नियन्त्रणमा लिएर प्रत्येक महिलासँग ५ सय रुपैयाँ मागेका थिए । 'एक खेपमा (रक्सौलबाट वीरगन्ज कपडा पुर्याउँदा) हामीले कमाउने भनेको दुई सय मात्र हो,' इनर्वा निवासी मिनाले भनिन्, 'सय रुपैयाँ दिँदा मानेन्, कपडाको झोला तानातानमा असई साहेबको नाकमा चोट लाग्यो ।'

## ग्यास सिलिन्डर तथा चुल्हो वितरण

रौतहट । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता तथा रौतहट क्षेत्र नम्बर ३ का सांसद प्रभु साहले चुनावी प्रतिबद्धता पूरा गर्दै गरुडा नगरपालिका-५ महम्मदपुरमा ग्यास सिलिन्डर तथा चुल्हो वितरण गरेका छन् । मंगलबार महम्मदपुरमा औपचारिक कार्यक्रम गरी ८ सय परिवारलाई ग्यास सिलिन्डर तथा चुल्हो वितरण गरिएको छ । औपचारिक कार्यक्रममा संघीय सांसद समिना हुसेनले सांसद साहको धुवाँ मुक्त क्षेत्र बनाउने अभियानलाई महाअभियानको संज्ञा दिइन् । सोही क्षेत्रका नेता एवं प्रदेश २ का सांसद कुन्दन कुशवाहाले महम्मदपुर गाउँ ऐतिहासिक गाउँ भएको र यसभन्दा अगाडिका शासकले गाउँलाई पछाडि पारेको बताउदै वर्तमान सांसद साहले यस गाउँलाई शहरमा रुपान्तरण गर्न सुरुवात गरेको बताए । नेकपा प्रदेश २ का अध्यक्ष एवं पुर्वमन्त्री समेत रहेका सांसद साहले प्रतिनिधिसभाको निर्वाचन ताका आफ्नो निर्वाचन क्षेत्रलाई धुवाँमुक्त बनाउने घोषणा गरेका थिए । सोही घोषणा अनुरुप निरन्तर क्षेत्रका विभिन्न गाउँमा ग्यास सिलिन्डर तथा चुल्हो वितरण गर्दै आएका छन् । यसअघि यस क्षेत्रको मौलापुर नगरपालिका तथा फतुवा विजयपूर नगरपालिकाका सबै स्थानमा ग्यास सिलिन्डर तथा चुल्हो वितरण भई धुवाँमुक्त नगर घोषणा भईसकेको छ । त्यस्तै गुजरा नगरपालिका, कटहरीया नगरपालिका तथा देवाही गोनाही नगरपालिकाका अधिकांस गाउँमा ग्यास सिलिन्डर वितरण भइसकेको छ ।

## विद्यालयलाई मास्क र सेनिटाइजर सहयोग

नेपालगन्ज । जनता समाजबादी पार्टी नेपाल बाँकेका नेता मोहम्मद कमरुद्दीन राईले विद्यालयमा अध्ययनरत बालबालिकाको स्वास्थ्य सुरक्षाका लागि विद्यालयलाई मास्क र सेजिटाइजर प्रदान गरेका छन् । बाँकेमा विद्यालयहरु केही दिनभित्रै सञ्चालन हुन लागेकोले विद्यालयमा आउने विपन्न बालबालिकालाई लक्षित गरेर जानकी गाउँपालिका ३ बन्जारे गाउँमा रहेको माध्यामिक विद्यालयलाई ३५० थान मास्क र ३ बोतल सेनिटाइजर प्रदान गरिएको जनता समाजवादी पार्टीका नेता राईले बताए । उनले सो विद्यालयमा अधिकांश विपन्न परिवारका बालबालिकाहरु अध्ययन गरिरहेको जनाउँदै उनिहरुलाई कोरोनाबाट जोगाउन सहयोग पुर्याउने उद्देश्यले मास्क र सेनिटाइजर प्रदान गरिएको बताएका हुन् । राईद्धारा प्रदान गरिएको सो मास्क र सेनिटाइजर बुझ्दै बन्जारे गाउँ माविका प्रधानाध्यापक आदित्य बर्माले सो सहयोगले कोभिड १९ विरुद्धको लडाईमा विद्यार्थीहरुलाई सहयोग पुग्ने र स्वास्थ्य सुरक्षा मापदण्ड पालनामा सहज हुने बताए । उनले गरिब तथा विपन्नले मास्क र सेनिटाइजर खरिद गर्न नसक्ने भएकोले उनीहरुलाई मास्क वितरण गरिने र सेनिटाइजर विद्यालयमा प्रयोग गरिने जानकारी गराए । मास्क र सेनिटाइजर पाएपछि विद्यालय सञ्चालन गर्न सजिलो हुने जनाउँदै प्रधानाध्यापक वर्माले नेता राईलाई सो अवसरमा धन्यवाद पनि दिए । बाँके जिल्लामा गत आठ महिनादेखि बन्द रहेका विद्यालयहरु यसै साताबाट पुनः सञ्चालनमा आउने तयारीमा छन् । विद्यालय सञ्चालनका लागि सबै स्थानीय तहले स्वास्थ्य सुरक्षा मापदण्ड तयार पारेका छन् । सोही सुरक्षा मापदण्डलाई पुरा गरेमा मात्रै विद्यालय सञ्चालन गर्न पाइने जिल्ला कोभिड १९ संकट व्यवस्थापन केन्द्र बाँकेले जनाएको छ । जिल्ला कोभिड १९ संकट व्यवस्थापन केन्द्र बाँकेका संयोजक तथा प्रमुख जिल्ला अधिकारी राम बहादुर कुरुमवांगले सबै विद्यालयलाई सुरक्षा मापदण्ड पालना अनिवार्य रुपमा गर्न निर्देशन दिइएको बताए ।

## स्थानीय तहसँग संघ र प्रदेशसँग असन्तुष्ट

कैलाली । स्थानीय सरकारसँग प्रदेश र सङ्घीय सरकारका बीचमा समन्वय प्रभावकारी नभएको गुनासो आउने थालेको छ । विकास निर्माण एवम् अन्य विषयमा प्रदेश सरकारको भूमिका फितलो भएको स्थानीय निकायका प्रमुखले गुनासो गरेका छन् । टीकापुर नगरपालिकाका प्रमुख तपेन्द्रबहादुर रावलले प्रदेशको भन्दा सङ्घीय सरकारको समन्वय र सहकार्य राम्रो रहेको जानकारी दिए । 'प्रदेश सरकारका आफ्नै स्थानीय तहमा भइरहेका विकास आयोजनाकै बारेमा जानकारी हुँदैन । समन्वय नहुँदा कुनै आयोजनामा दोहोरो बजेटसमेत पर्ने गरेको छ', नगर प्रमुख रावलले भने, 'सङ्घीय सरकारका कार्यक्रमको नगरपालिकामा जानकारी हुन्छ । विकास आयोजनामा पनि दुई सरकारको समन्वय र सहकार्य देखिने गरेको छ । प्रदेश सरकार कहाँ, कुन योजना बनाउँछ ? यसका बारेमा नगरपालिकालाई जानकारी हुँदैन । आयोजना पनि कहिले कसले शुरु गर्छ कहिले कसले सम्पन्न गर्छ खै ?' जानकी गाउँपालिकाका अध्यक्ष प्रदीपकुमार चौधरीले विकास निर्माणका सन्दर्भमा प्रदेश सरकारको समन्वय भइरहेको जानकारी दिए । विगतमा आफैं योजना बनाउने, आफैं काम गर्ने त्यसको जानकारी गाउँपालिकालाई नभए पनि चालू आर्थिक वर्षमा विकास आयोजनामा प्रदेशले गाउँपालिकासँग समन्वय गरेको उनले बताए । लम्कीचुहा नगरपालिकाका नगर प्रमुख महादेव बजगाईंले स्थानीय तहसँग प्रदेश सरकारको भूमिका नै नदेखिएको बताए । 'समपूरक र अनुदानमा हुने विकास कार्यक्रममा प्रदेशसँग समन्वय भएको देखिन्छ । निर्वाचित सांसदको कार्यक्रमसमेत नगरपालिकालाई थाहा हुँदैन र उहाँहरु हामीसँग कुनै पनि समन्वय गर्नु हुँदैन, उनले भने, प्रदेशको हाम्रो क्षेत्रमा कुनै योजना पनि छैन । सङ्घीय सरकारका यस क्षेत्रका सांसदको भूमिका र समन्वय राम्रो छ ।' जोशीपुर गाउँपालिकाका अध्यक्ष रामकृष्ण चौधरीले सङ्घ र प्रदेशको समन्वय राम्रो नभएको गुनासो गरे । गोदावरी नगरपालिकाका नगर प्रमुख भीमबहादुर देउवाले स्थानीय सरकारपछिको नजिकको सरकार प्रदेश सरकार भएको बताए ।

## बाँकेमा कोरोनाबाट ८५ को ज्यान गयो

नेपालगञ्ज । बाँकेमा आइतबारसम्म ८५ जनाको कोरोना सङ्क्रमणबाट ज्यान गएको छ जसमध्ये ३९ बाँके भित्रका छन् भने ४३ जना बाहिर जिल्लाका हुन् । जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रले दिएको जानकारी अनुसार जिल्ला भित्रका १४ महिला र २५ पुरुष गरी ३९ र अन्य जिल्लाका नौ महिला र ३७ पुरुष गरी ४६ सङ्क्रमितको ज्यान गएको हो ।

## प्रशासनलाई बेवास्ता गर्दै उपचार

विराटनगर । विराटनगरको म्याक्स अस्पतालले जिल्ला प्रशासन कार्यालय मोरङको निर्देशनविपरीत कोरोना भाइरस सङ्क्रमितको उपचार गरेको पाइएको छ । बिनाअनुमति कोभिड अस्पताल सञ्चालन गरेको र संक्रमितको उपचार गर्न लायक नरहेको भन्दै उपचारमा रोक लगाएर अस्पताल बन्द गर्न प्रशासनले निर्देशन दिएको थियो । तर त्यसको व्यवस्था गर्दै उपचार गरेको पाइएको छ ।

## कला/साहित्य

कमल मण्डल



# नृत्य निर्देशक कुशेश्वरको चर्चा



मैथिली गीत संगीतको क्षेत्रमा करिब डेढ दशकदेखि निर्देशकको रुपमा काम गर्दै आएको जनकपुर पिरारी चौकका कुशेश्वर दासको चर्चा यतिबेला खुबै भइरहेको छ। कलाकारिता क्षेत्रमा सुरुका दिनमा विभिन्न स्टेजहरुमा एउटा डान्सरको रुपमा आफ्नो परिचय दिन्थे। तर यतिबेला कुशेश्वर निर्देशक, फिल्म र एल्वमको इडिटरको रुपमा पनि स्थापति भइसकेका छन्। उनले करिब ४ दर्जन एल्बम, फिल्म तथा दर्जनौं डकुमेन्टरीहरुको सम्पादनको काम गरिसकेका छन्। सुरुका दिनमा मैथिली फिल्मका नायक तथा निर्माता बीरेन्द्र कबिरपंथीसँग काम गरेर निकै अनुभव प्राप्त गरेको बताउने कुशेश्वर उनकै फिल्ममा सम्पादन निर्देशक लगायतका काम गरेका थिए। पछि विस्तारै विस्तारै एल्बम, फिल्म तथा छोटा फिल्महरुको काम आउन थालेपछि अहिले मैथिली, भोजपुरी लगायतका धेरै गायक गायिकाहरु गीतको छायाँकन, सम्पादन र निर्देशनको काम आउन थालेकोले अहिले आफ्नै घरमा रेकर्डिङ्ग स्टुडियो स्थापना गरेका छन्। मैथिली फिल्म अपन समाज, करम भाग्य....... त्यस्तै एल्बमहरु भौजिके बहिन, पियाक गाम लगायत तिन दर्जन एल्बमको निर्देशन तथा सम्पादनको काम गरिसकेका छन्।

# सीमापार जयनगर-कुर्था रेलमार्ग संचालनबारे छलफल

काठमाडौं। रेलमार्ग सहकार्य सम्बन्धि भारत-नेपाल संयुक्त कार्यदलको चौथो बैठक भिडियो कन्फरेन्समार्फत सम्पन्न भएको छ। भारत सरकार रेल मन्त्रालय ट्राफिक यातायात विभागका कार्यकारी निर्देशक डा मनोज सिंहले भारतीय टोलीको नेतृत्व गरेका थिए भने नेपाली टोलीको नेतृत्व नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव गोपाल प्रसाद सिग्देलले गरेका थिए। उक्त बैठकमा भारतको तर्फबाट भारतीय रेल विभाग, विदेश मन्त्रालय, काठमाडौंस्थित भारतीय राजदूतावास, कोंकण रेलवे तथा क्ष्ऋइल का वरिष्ठ अधिकारीहरुको सहभागिता थियो भने नेपालका तर्फबाट रेल विभागका महानिर्देशक, नेपाल रेलवे कम्पनीका महाप्रबन्धक लगायत नेपाल सरकार गृह मन्त्रालय एवं परराष्ट्र मन्त्रालयका अधिकारीहरुको उपस्थिति थियो। संयुक्त कार्यदलको उक्त बैठकले जयनगर-बिजलापुर-बर्दिबास र जोगबनी-विराटनगरको बीचमा अघि बढिरहेका सीमापार रेलमार्ग परियोजनाहरुको समीक्षा गऱ्यो। यात्रुबाहक रेलसेवा सञ्चालनका लागि भारतको जयनगरदेखि नेपालको कुर्थासम्मको ३४ किलोमिटर लामो रेलमार्गको प्राविधिक तयारीबारे दुवै पक्षले छलफल गऱ्यो। त्यस्तै बैठकमा नेपाल रेलवे कम्पनीले यात्रुबाहक रेल सेवालाई सुचारु गर्नका निमित्त आवश्यक पर्ने क्तबलमबचम इउभचबतष्लन एचयअभमगचभक (क्मए) बारे पनि चर्चा गरियो। तत्कालीन ब्रिटिश इन्डियाले न्यारो गेजको रुपमा निर्माण गरेको उक्त रेलमार्ग खण्डलाई भारु. ३८० करोडभन्दा बढी लागतमा भारत सरकारले ब्रोड गेजमा स्तरोन्नति गरेको हो। यस रेलवे लिङ्कमा सेवा सञ्चालन गर्न नेपाल सरकारले भारतबाट दुईवटा म्भ्ग् रेल सेट खरिद गरेको छ। हाल भारत सरकारले भारु. २०० करोडमा निर्माण गरिरहेको कुर्थादेखि बिजलापुरसम्मको बाँकी खण्डको निर्माण सम्पन्न गर्न दुवै पक्षले आवश्यक आपसी सहयोग तथा समन्वय बारे छलफल गरेका थिए। भारु. ३७४ करोड अनुदान सहयोग अन्तर्गत भारतको जोगवनी र नेपालको विराटनगरबीचमा सञ्चालित अन्य अन्तरदेशीय रेलमार्ग परियोजना सम्पन्न गर्नका लागि तीव्र रुपमा काम अघि बढाउन दुवै पक्षले सहमति जनाएका छन्। रेल सेवामा कार्यरत नेपाली कर्मचारीहरुको क्षमता विकास गर्न तथा नेपालको आवश्यकता अनुसार कर्मचारीहरुलाई नेपाल र भारतमा प्रशिक्षण दिन संयुक्त कार्यदलका अध्यक्षद्वयले रेलवे क्षेत्रमा सहकार्य विस्तार गर्न सहमति जनाउनुभयो।
४. दुवै पक्षले रेलवे क्षेत्रमा सहकार्यलाई सुदृढ पार्न हेतु आपसी सहयोगलाई निरन्तरता दिन सहमत भएका थिए।

# नेपालले भारत र चीनको आर्थिक विकासबाट लाभ लिन्छ

काठमाडौं। परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले भारत र चीनसँग आर्थिक विकासबाट लाभ लिने बाहेक नेपालको कुनै स्वार्थ नभएको बताएका छन्। मन्त्री ज्ञवालीले विश्व महाशक्तिका रुपमा विकास हुँदै आएका दुई छिमेकीबीच असल सम्बन्ध विकास गर्दै आर्थिक विकासबाट लाभ लिने बाहेक नेपालको अरु कुनै स्वार्थ नहुने बताएका हुन्। संसदीय सुनुवाई समितिको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीका प्रतिनिधिका रुपमा सहभागी भएका मन्त्री ज्ञवालीले भारतबाट विदेश सचिव र चिनियाँ रक्षामन्त्रीको नेपाल भ्रमणका विषयमा उठेका प्रश्नको जवाफ दिँदै नेपालको परराष्ट्र नीति सधैँ सन्तुलित नै हुने बताए। यही साता छिमेकी मुलुकबाट हुने उच्चस्तरिय भ्रमणमा पनि नेपाल चीन र भारतलाई मिलेर अगाडि बढ्न चाहन्छ भन्ने भन्ने सुझाव दिने उनले बताए।

## प्रदेश २...

ठाकुरले अघि सारेको दाबी गरिएको छ।
पार्टी भित्र संसदीय दलको नेतालगायतको अन्य पदको लागि चुनाव हुने निश्चित भएसंगै प्रदेश २ को वर्तमान सरकार समेत परिवर्तन हुने पक्का पक्की हुने भएको छ।

## भारतीय...

वस्तुस्थिति बुझ्ने प्रचलनकै निरन्तरताका रुपमा पनि यो भ्रमणलाई लिन सकिन्छ।
प्रधानमन्त्री नरेन्द्र मोदीको 'सबैको साथ, सबैको विकास' नीति र प्रधानमन्त्री ओलीले अघि सार्नुभएको 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न भारतलगायत बाह्य विश्वको नैतिक एवं भौतिक सहयोग नेपालका निम्ति अपरिहार्य छ।
कोरोनाको महामारीका कारण शिथिल भएको अर्थतन्त्र उकास्न र सहज ढङ्गले स्वास्थ्य सेवा प्रवाहका निम्ति आवश्यक उपकरण एवं सामग्री जुटाउन पनि भारतका विदेश सचिवको भ्रमण सहयोगी हुने मान्न सकिन्छ।
गोरखा भूकम्पका बेला तत्काल राहत तथा उद्धारमा भारतले निर्वाह गरेको भूमिका, पुनःनिर्माणका परियोजनामा देखाएको तदारुकता, आवास परियोजनाको शीघ्र निर्माण र कार्यान्वयन, पेट्रोलियम पाइपलाइन निर्माण, नेपालको आर्थिक भूपरिदृश्यमा विशाल रुपान्तरण गर्ने ९०० सय मेगावाट क्षमताको 'गेमचेञ्जर'अरुण तेस्रो जलविद्युत् आयोजनामा भइरहेको प्रगति तथा जनकपुर-जयनगर रेलसेवा सञ्चालनको तयारी, नेपालगञ्जमा एकीकृत जाँचचौकी निर्माणलगायत भारतको सहयोगमा सञ्चालित परियोजनाले पनि दुई देशबीचको सम्बन्धलाई थप उचाइमा पुऱ्याउने जमर्को गरेको सहजै अनुमान सकिन्छ।
भारत-नेपाल सम्बन्धमा एउटा नयाँ अध्याय आरम्भ गर्ने अभिभाराका साथ हुन लागेको शृङ्गलाको भ्रमणले भारत-नेपाल सम्बन्धको मर्म बुझेर दुई राष्ट्रबीच फेरि प्रगाढ आत्मीयताको ज्योति छर्ने आशा दुवै देशमा जनताले गरेको इपिजीका भारततर्फका सदस्य प्रा.महेन्द्र पी लामाको सार्वजनिक अभिव्यक्ति सत्य सावित हुने अपेक्षा गरिएको छ।

# द्विपक्षीय सहयोग अघि बढाउन नेपाल-भारत सहमत



काठमाडौं। नेपाल र भारतका परराष्ट्र सचिवहरूको प्रतिनिधिमण्डलस्तरीय बैठक बिहीबार राजधानीमा सम्पन्न भएको छ।
बैठकमा ११ सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व परराष्ट्र सचिव भरतराज पौड्यालले तथा भारतीय प्रतिनिधि मण्डलको नेतृत्व विदेश सचिव हर्षबर्धन श्रृङ्गलाले गरेका थिए।
बैठकमा नेपाल-भारत सम्बन्धका सबै विषयमा विचारविमर्श भएको थियो। भेटमा द्विपक्षीय सहयोगको क्षेत्रलाई अगाडि बढाउन दुवै पक्ष सहमत भएका थिए।
बैठकपछि श्रृंगलाले उक्त बैठक फलदायी र उपयोगी आदानप्रदान भएको बताए। सहयोगका क्षेत्रहरू अगाडि बढाउन विभिन्न चरणहरूमा छलफल भएको र यसअघि गरिएका प्रतिबद्धतामा राम्रो प्रगति भएको उनले जानकारी दिए। उनले विदेश सचिव भरतराज पौड्याललाई निम्ताएको र आतिथ्यका लागि धन्यवाद पनि दिएका छन्। त्यसअघि परराष्ट्रसचिवद्वयबीच द्विपक्षीय हित र चासोका विविध विषयमा छलफल भएको थियो।
यसैबीच भारतले नेपाल-भारत विदेश सचिवस्तरीय वार्तालाई उपलब्धिमूलक भेटघाट भएको बताएको छ। दुई पक्षीय विदेश सचिव स्तरीय वार्तापछि भारतीय राजदूतावासको ट्वीटर ह्यान्डल 'इन्डियाइननेपाल' बाट प्रतिक्रिया दिँदै भारतका विदेश सचिव हर्षवर्धन श्रृंगला र नेपालका परराष्ट्र सचिव भरतराज पौडेलले द्विपक्षीय सहयोगको समीक्षा गरेको जनाएको छ। साथै, उनीहरु बीचमा आपसी हितका मुद्दाहरुमा छलफल गरेको जनाएको छ।
सचिव पौड्यालको मैत्रीपूर्ण निमन्त्रणामा दुई-दिवसीय भ्रमणका लागि सचिव श्रृङ्गला बिहीबार काठमाडौं आएका हुन्। उनको शुक्रबार गोरखा पुगेर भारत सरकारले त्यहाँ पुनःनिर्माण गरेका तीन विद्यालय भवन उद्घाटन गर्ने कार्यक्रम छ। दुईदिने भ्रमण सकेर उनी शुक्रबार नै स्वदेश फर्कने कार्यक्रम छ।

# जसपाले दसैं भत्ता फिर्ता गर्ने

काठमाडौं। जसपाले पार्टीका संघीय सांसदहरूको दसैं भत्ता फिर्ता गर्ने भएको छ। जसपाले भत्ता फिर्ताको आग्रह गरेर संसद सचिवालयलाई पत्र लेखेको हो। जसपा केन्द्रीय कार्यकारिणी समितिका कार्यालय प्रमुख प्रकाश अधिकारीले पार्टीको केन्द्रीय कार्यकारिणी समितिको ३ र ४ कात्तिको निर्णय अनुसार दसैं भत्ता फिर्ता निर्णय भएको बताए। जसपाका ३४ सांसद मध्ये हरिनारायण रौनियार निलम्बनमा परेका छन् भने रेशम चौधरी जेलमा छन्।

# संयुक्त राष्ट्रसंघद्वारा बर्दिवास घटनाको भर्त्सना

काठमाडौं। काठमाडौंस्थित संयुक्त राष्ट्रसंघीय कार्यालयले महोत्तरीको बर्दिवासमा ६ वर्षीया बालिकाको वलात्कार भएको घटनाको भर्त्सना गरेको छ। राष्ट्रसंघले विहीबार एक प्रेस विज्ञप्ति प्रकाशित गर्दै तत्काल सबै कानुनी प्रक्रिया अबलम्बन गर्न र दोषीलाई कारवाहीको दायरामा ल्याउन माग गरेको छ। सो घटना घरेलु हिंसा विरुद्धको १६ दिने अभियानको पूर्व सन्ध्यामा भएको भन्दै राष्ट्रसंघले यस्ता घटनालाई रोकथाम गर्नुपर्ने र हिंसाका घटनालाई सम्बोधन गर्न माग गरेको छ। उसले कुनै घटना हुने वित्तिकै आवश्यक प्रक्रिया थाल्न र दोषीलाई कारबाहीको प्रत्याभूति गर्न माग गरेको छ। राष्ट्रसंघले यस्ता घटनाको रोकथाम गर्न सकिने र बर्दिवासकी बालिकालाई न्याय प्रदान गर्न र सबै महिला र बालिकाहरुलाई संरक्षण गर्न आग्रह गरेको छ। राष्ट्रसंघले प्रदर्शनकारी र प्रहरीलाई उनीहरुको आवाज जिम्मेवारीपूर्वक उठाउन र संयमता अपनाउन आग्रह गरेको छ।

# महोत्तरीमा सुरक्षाकर्मीद्वारा बल प्रयोग : एम्नेस्टी

काठमाडौं। एम्नेस्टी इन्टरनेसनलले महोत्तरीमा प्रदर्शनकारीमाथि प्रहरीले अत्यधिक बल प्रयोग गरेको निष्कर्ष निकालेको छ। एम्नेस्टी इन्टरनेसनल, नेपालले बिहीबार यो घट्नाबारे प्रतिक्रिया जनाउँदै भनेको छ, 'नेपालमा प्रदर्शन नियन्त्रण गर्ने क्रममा सुरक्षाकर्मीहरूद्वारा मृत्यु र गम्भीर घाइते हुनेगरी प्रदर्शनकारीमाथि बलको अत्यधिक प्रयोग गरेको यो अर्को घट्ना एकदमै चिन्ताजनक छ।'
महोत्तरीको बर्दिबास-६ की ६ वर्षीया गुलाब साह खातुनको हत्यारालाई कारबाहीको माग राखेर भएको प्रदर्शनका क्रममा प्रहरीको गोलीबाट बुद्धिराज न्यौपानेको मृत्यु भएको थियो भने दुई जना गम्भीर घाइते भएका थिए। एम्नेस्टीले यो घट्ना छानबिन गर्न माग गरेको छ। एम्नेस्टी इन्टरनेसनल, नेपालका निर्देशक निराजन थपलियाले भने, 'यो घटनाको तत्काल छानबिन गरिनुपर्दछ र यसमा जिम्मेवारलाई जवाफदेही बनाउने कुरा सुनिश्चित गर्नका लागि आवश्यक कदम चालिनु पर्दछ।'

# अपराधीलाई अधिकतम् सजायको हुनुपर्छ

काठमाडौं। महोत्तरीको बर्दिवासमा ६ वर्षिय बालिका गुलाबशाह खातुनको बलात्कार र हत्याबारे जनता समाजवादी पार्टी नेपालका केन्द्रीय कार्यकारिणी समिति सदस्य वृषेश चन्द्र लालले अपराधीलाई अधिकतम् सजाय दिनुपर्ने अपिल गरेका छन्। उनले बुधबार एक विज्ञप्ति जारी गरी भनेका छन्, 'बालिकको बलात्कार र हत्या जघन्य अपराध हो। अपराधीलाई कानून बमोजिम कडा भन्दा कडा सजायको मांग गर्दै शोकसंतप्त परिवार र समाजप्रति हार्दिक संवेदना प्रकट गर्दछु।' 'अपराध अपराधीको वा अपराध गर्ने अपराधी समूहको कुकृत्य हो। अपराधको परिवार, जाति, धर्म वा सम्प्रदायसंग कुनै सम्बन्ध हुँदैन। त्यसैले कुनै पनि अपराधलाई जातिय,धार्मिक,सम्प्रदायिक अथवा राजनीतिक रुप दिनु भनेको समाजमा विग्रह र बिभाजन ल्याउनु हो। यो आफैं नै एउटा अपराध हो।' अपिलमा भनेका छन्। उनले अपिलमा 'त्यसकारण सबै राजनीतिक दल र सामाजिक संस्था र सामाजिक राजनैतिक कर्मीहरूले संयुक्त रुपमा यसका लागि भूमिका खेल्न हुन तथा शान्तिसुरक्षाको स्थिति कायम गर्न सहयोग गर्न हुन हार्दिक अनुरोधको साथै शान्ति सुरक्षा व्यवस्थापन गर्ने प्रहरी र प्रशासनसंग कर्तव्यपालन गर्दा न्यूनतम बल प्रयोग र अपराधीलाई कानूनसम्मत अधिकतम सजायभागी बनाउन कुनै कसर नछोड्न अपील गर्दछु।' उल्लेख गरेका छन्।

## आर्थिक समाचार

# आइएमईलाई लगातार चौथो सम्मान

काठमाडौं। आइएमई रेमिट विप्रेषणतर्फ सबैभन्दा धेरै आयकर तिर्ने कम्पनीका रुपमा सम्मानित भएको छ। आन्तरिक राजस्व विभागले कर दिवसका अवसरमा सबैभन्दा बढी कर तिर्ने १५ करदातालाई सम्मान गरेकोमा यो सूचीमा आइएमई विप्रेषण क्षेत्रमा पहिलो कम्पनी पर्न सफल भएको हो। विप्रेषणको कारोबार गर्ने मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाताको रुपमा आइएमईलाई यो लगातार चौथो सम्मान हो। श्रमका लागि विदेशमा गएका युवाले आर्जन गर्ने रेमिटेन्स बैंकिङ्ग संजाल मार्फत नेपाल भित्र्याउने उद्देश्यले आजभन्दा वीस वर्षअघि स्थापित आइएमईलाई नेपालको समग्र रेमिटेन्स व्यवसाय संस्थागत गरेको श्रेय जान्छ। आइएमई विदेशबाट बैंकिङ्ग च्यानलमार्फत नेपालमा विप्रेषण भित्र्याउने नेपालको अगुवा संस्था हो।

# प्रभु बैंकले आफ्ना ग्राहकहरूका लागि ल्यायो ई-केवाईसी

काठमाडौं। प्रभु बैंक लिमिटेडले आफ्ना ग्राहकहरुको सुविधालाई मध्यनजर गर्दै ई-केवाईसी सेवा सञ्चालनमा ल्याएको छ। प्रभु बैंक लि. मा खाता खोली कारोबार गरेका सम्पूर्ण ग्राहकहरुले बैंकको वेबसाइट www.prabhubank.com मा लगइन गरी अनलाइनमार्फत केवाईसी अद्यावधिक गर्ने व्यवस्था मिलाइएको छ जसबाट सो प्रयोजनका लागि अब बैंकसम्म पुगिरहनु पर्ने बाध्यता पूर्णरुपमा हटेको छ। प्रभु बैंक लिमिटेडले सञ्चालनमा ल्याएको उक्त सेवा सुरक्षित एवं प्रभावकारी रहेको तथा केवाईसीसम्बन्धी सम्पूर्ण विवरणहरु यथा-समयमै अद्यावधिक गरी खाता नियमित सञ्चालन गर्न सहज हुनेछ। यसबाट ग्राहकहरुले आफ्ना समय बचत तथा सदुपयोग गरी अत्याधिक लाभ उठाउनेछन् भन्ने बैंकले पूर्ण विश्वास लिएको बैंकले जनाएको छ।

# नेपालले भारतबाट २५० मेगावाट विद्युत् आयात गर्ने

काठमाडौं। सुक्खायाममा सहज रुपमा विद्युत् आपूर्तिको व्यवस्था मिलाउन नेपाल विद्युत् प्राधिकरणले अधिकतम् २५० मेगावाटसम्म विद्युत् आयात गर्ने भएको छ। विशेषगरी माघ, फागुनमा नदीमा जलसतह कम हुने तथा प्राधिकरण र निजी क्षेत्रका आयोजनामा समेत कम विद्युत् उत्पादन हुने भएकाले बिजुली व्यवस्थापनका लागि भारतबाट विद्युत् आयात गर्न लागिएको हो। प्राधिकरणले सन् २०२० को डिसेम्बर १ देखि २०२१ को जुनसम्मका लागि विद्युत् आयातका लागि भारतसँग आग्रह गरेको थियो। प्राधिकरणको सो आग्रहलाई भारतले स्वीकृति दिएको जनाइएको छ।
प्राधिकरणका कायममुकायम कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यका अनुसार भारतका तर्फबाट शनिबार मात्रै स्वीकृति आएको छ। सो स्वीकृतिपछि सुक्खायाममा विद्युत् व्यवस्थापनका लागि प्राधिकरणलाई सहज भएको छ। कामयमुकायम कार्यकारी निर्देशक शाक्यले प्राधिकरणको आग्रहअनुसार नै स्वीकृति भएर आएको छ। उनका अनुसार कूल २५० मेगावाटमध्ये ८० देखि १५० मेगावाट विद्युत् भने २४सै घण्टा लिनुपर्नेछ। बाँकी भने आवश्यक पर्दा मात्रै लिए हुने खालको रहेको उनले जानकारी दिए।
भारतको केन्द्रीय विद्युत् प्राधिकरणले नेपालतर्फ निर्यात गरिने विद्युत्को माग र परिमाणको स्वीकृति दिएको हो। प्राधिरकणले त्यहाँको नोडल एजेन्सी एनभिभिएनमार्फत विद्युत् आयात गरिरहेको छ। ढल्केबरबाट आउने विद्युत् एनभिएिनमार्फत आएको विद्युत् हो। प्राधिकरणले विहार, उत्तरप्रदेशबाट पनि विद्युत् आयात गर्छ।
विशेषगरी सुक्खायाममा बिजुलीको माग पनि बढी हुने र उत्पादन पनि कम हुने भएकाले व्यवस्थापनका लागि आन्तरिक तथा बाह्य स्रोतलाई समेत प्रभावकारी परिचालन गर्नु जरुरी हुन्छ। पछिल्ला चार वर्षमा प्राधिकरणले माग र आपूर्तिको बीचमा सन्तुलन मिलाएर विद्युत् प्रवाह गर्दै आएको छ। सोही कारण प्राधिकरणको आर्थिक स्वास्थ्यमा समेत सुधार आएको छ। विद्युत्भार कटौतीको अन्त्य, चोरी नियन्त्रण जस्ता कारणले प्राधिकरण नाफामा समेत गएको छ। केही दिन पहिले मात्रै ढल्केबर सवस्टेशनसमेत ४०० केभीमा सञ्चालनमा आएको छ। सवस्टेशनको क्षमता वृद्धिसँगै अन्तरदेशीय प्रसारण लाइनका रुपमा रहेको ढल्केबर-मुजफफ्फरपुर प्रसारण लाइनसमेत ४०० केभीमा नै सञ्चालन हुनेछ। नेपालको तर्फबाट प्रसारण लाइनको क्षमता वृद्धिका लागि कुनै समस्या नभए पनि भारतको तर्फबाट स्वीकृति दिनुपर्ने र सुरक्षात्मक उपायसमेत अवलम्बन गर्नुपर्ने कायममुकायम कार्यकारी निर्देशक शाक्यको भनाइ छ।
हिउँदका लागि सहज विद्युत् व्यवस्थापनका लागि भारतसँग पहल गरेको प्राधिकरणले आन्तरिकरुपमा समेत सवस्टेशनको मर्मत तथा सम्भारलाई समेत ध्यान दिएको छ। ढल्केबर- खिम्ती १३२ केभी प्रसारण लाइनमा समेत मर्मत गरी विद्युत् आयातलाई सहज बनाइएको छ। भरतबाट हेटौंडा हुँदै आउने र खिम्ती भएर आउने विद्युत् प्रवाहमा समेत एकरुपता कायम गरिएको छ। यसबाट स्वीचीङमा हुने समस्या समाधान हुने भएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले गुणस्तरीय र सहज विद्युत् आपूर्तिका लागि प्राधिकरणलाई निर्देशन दिनुभएको छ। मन्त्री पुनःप्राधिकरण सञ्चालक समितिका अध्यक्ष हुन्। मन्त्री पुनले उपभोक्तालाई गुणस्तरीय विद्युत् प्रवाहका लागि सवस्टेशनको मर्मतसम्भार, ट्रान्सफर्मरको क्षमता वृद्धि तथा प्रसारण लाइनमा रहेको समस्या समाधानका लागिसमेत पहल गरिरहेका छन्। मन्त्री पुनले निर्माणाधीन प्रसारण लाइनसमेत तत्काल सम्पन्न गर्न पहल गरेका छन्। सोलु करिडोरको समस्या समाधान भएको छ भने अन्य प्रसारण लाइनकोसमेत समस्या समाधानका लागि पहल भइरहेको उनको सचिवालयले जनाएको छ।

# सरकारले भारतको उडान खोल्ने

काठमाडौं। सरकारले कोरानाका कारण बन्द रहेको भारतको उडान खोल्ने निर्णय गरेको छ। मन्त्रिपरिषद् बैठकले भारत र बङ्गलादेशको उडान खुला गर्ने निर्णय गरेको हो। ती देशमा हवाई उडान, जनस्वास्थ्यसम्बन्धी प्रोटोकल पालना गर्दै उडान खोल्ने संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद् बैठकले पारित गरेको हो।




# सीमा नाका खुलाउन जसपाको माग

काठमाडौं। जनता समाजवादी पार्टी (जसपा)ले बन्द रहेको नेपाल-भारतको सीमा खुलाउन सरकारसँग माग गरेको छ। जसपा नेपालका अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादवले आज एक विज्ञप्ति जारी गरी त्यस्तो माग गरेका हुन्। लामोसयदेखि सीमा नाका बन्द गरिएको कारणले देशको अर्थतन्त्र धाराशायी हुनुको साथै सीमा क्षेत्र खासगरी तराई मधेशका जनताको जीवन अत्यन्त कष्ठकर हुँदै गएको जसपाको भनाइ छ। यस्तै जनताको कृषि, शिक्षा, स्वास्थ्य उपचार रोजगारी, आर्थिक, समाजिक लगायतका क्षेत्रमा पनि गम्भीर समस्या भएको जसपाले जनाएको छ। जनताको जीवनलाई थप कष्टकर हुन नदिनका लीगि सरकारले भारतसँग जोडिएका सीमानाकालाई तत्काल खुला गरी व्यवस्थित एवं सहज गर्न सो पार्टीले सरकारसँग माग गरेको छ।
कोरोना संक्रमणलाई अझ फैलिन नदिन योजनाबद्ध रुपमा प्रभावकारी ढंगले चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको जोखिम भत्ताको उपलब्धता, अस्पताल, स्वास्थ्य उपकरण, जनशक्ति र ओषधी आदिलाई उचित एवं आवश्यक व्यवस्था गर्न पनि माग गरेको छ। विगत नौ महिनादेखि सीमा नाका बन्द रहँदै आएको छ।

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, कार्यकारी सम्पादक : राम ल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madhes ail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं